# दुहवी नगरपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

**नगर कार्यपालिकाको कार्यालय**

दुहवी, सुनसरी

२०७४

## प्रतिवेदन तयारी

| | |
|---:|---|
| **शिर्षक :** | *दुहवी नगरपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **तयार गर्ने :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि. काठमाडौ* |
| **सहयोग :** | *संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम र संयुक्त राष्ट्रसंघीय पुँजी विकास कोष (यु.एन.सि.डि.एफ.), नेपाल* |
| **मिति :** | *मार्ग २०७४* |


## कृतज्ञता ज्ञापन

*दुहवी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने नगरपालिकाका प्रमुख श्री बेद नारायण गच्छदार, उपप्रमुख श्री सुनिता दाहाल (साह), प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन प्रसाद निरौला तथा नगरपालिकाका कर्मचारीहरुप्रति परामर्शदाताको तर्फ बाट हार्दिक आभार व्यक्त गर्दछौ । त्यसै गरी यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तथा संयुक्त राष्ट्र संघीय पुँजी विकास कोषका पदाधिकारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

– ●🏱🖃🖫●🖂🖫♍♐🏳❀🖫●🖃🖫 &●📪ℯ♐📪

# विषय सूची

**परिच्छेद – एक : परिचय ........ ४**

१.१ पृष्ठभूमि ........ ४

१.२ अध्ययनको उद्देश्य ........ ५

१.३ अध्ययन विधि तथा प्रक्रिया ........ ५

*१.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ........ ६*

*१.३.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास ........ ६*

*१.३.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम ........ ६*

*१.३.४ तथ्यांक/सूचना संकलन ........ ७*

*१.३.५ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी ........ ८*

*१.३.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश ........ ८*

*१.३.७ कार्यशाला गोष्ठीको आयोजना ........ ८*

*१.३.८ प्रतिवेदनको अन्तिम रुप ........ ९*

१.४. अध्ययनको सीमा ........ १०

**परिच्छेद – दुई : राजस्व परिचालनको वर्तमा अवस्था पुनरावलोकन ........ ११**

२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ ११

२.२ नगरपालिकाको संगठन स्वरुप तथा विद्यमान मानव संशाधन ........ ११

२.३ राजस्व परिचालनसम्बन्धी नीति तथा कार्यक्रमहरु ........ १४

२.४ नगरपालिकाको आय समीक्षा ........ १५

*२.४.१ आय परिचालनको वर्तमान अवस्था ........ १५*

*२.४.२ नगरपालिकाको यथार्थ, संशोधित तथा प्रस्तावित आय विवरण ........ १७*

*२.४.३ नगरपालिकाको आय संरचना ........ १८*

**परिच्छेद – तीन : आन्तरिक आयको वर्तमान अवस्था तथा सम्भावना विश्लेषण ........ २०**

३.१ नगरपालिकाको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था ........ २०

३.२ आन्तरिक आय परिचालनका बृहत्तर संस्थागत व्यवस्था ........ २२

३.३ राजस्व प्रशासन तथा नीति सम्बन्धि सवालहरु ........ २३

३.४ आन्तरिक स्रोततर्फका राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ २४

**परिच्छेद – चार : राजस्व सुधार कार्य योजना ........ ३५**

४.१ राजस्व सुधार कार्य योजना ........ ३५

४.२ राजस्व सुधार कार्य योजनाका आधारमा राजस्व प्रक्षेपण ........ ३८

४.३ निष्कर्ष ........ ४७

**अनुसूचीहरु ........ ४९**

अनुसूची १ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची ........ ५०

अनुसूची २ : प्रारम्भिक अभिमुखिकरणको कार्यक्रम तालिका तथा उपस्थिति विवरण ........ ५८

अनुसूची ३ : स्थानीय तहको नमूना राजश्व ऐन ........ ६१

अनुसूची ४ : अन्तिम कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण ........ ७३

अनुसूची ५ : कार्यशाला संचालनका केही झलकहरु ........ ७३

# परिच्छेद – एक : परिचय

## १.१ पृष्ठभूमि

विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन पद्धतिको अवलम्बन गर्दै अधिकार निक्षेपणको माध्यमद्वारा स्थानीय तहका निर्वाचित निकायहरुलाई अधिकार सम्पन्न तुल्याउने प्रयाश नेपालमा विगत देखिनै हुदै आएको हो । कानून बमोजिम तोकिएको जिम्मेवारी पुरा गर्न सरकारले प्रदान गर्ने अनुदान संगै आफ्नो आन्तरिक आयको परिचालन तथा ऋणको अधिकारलाई समेत विगतमा नेपालका नगरपालिकाहरुले अभ्यासमा ल्याएको अनुभव हामीसंग छ । नगरपालिकाहरुलाई स्वायत्तताको सिद्धान्त अनुसार कानूनद्धारा नै आन्तरिक स्रोत परिचालनको लागि कर, शुल्क तथा दस्तुरको दर तोक्न सक्ने र सो बमोजिम आन्तरिक आय संकलन गर्न सक्ने अधिकार प्रदान गरिएकोहो । कानूनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही वित्तिय निक्षेपणको अधिकारलाई सही रुपमा परिचालन गर्न सकेमामात्र स्थानीय तहको सेवा प्रदान गर्ने क्षमता थप सबल र सक्षम हुन सक्दछ । तसर्थ, आन्तरिक स्रोत परिचालनको विषय स्थानीय सरकारको लागि आफैमा अत्यन्त महत्वपूर्ण र प्राथमिकताको विषय बन्ने गरेको छ ।

विगतमा स्थानीय स्वशासन र विकेन्द्रिकरणको क्षेत्रमा नेपालले गरेको उपलब्धी दक्षिण एशियाली क्षेत्रमै अनुकरणीय अवस्थामा रहेको मानिए पनि मुलुकमा विद्यमान सशस्त्र द्वन्द्वको कारण यसले एक दशक अवधीसम्म थप गति लिन सकेन । यस अवधिमा अन्तरिम व्यवस्थापन गर्ने क्रममाकर्मचारीहरुलाई निर्वाचित संस्थाको समेत जिम्मेवारी दिई स्थानीय निकायको कार्य संचालन गर्नु परेको कारण आन्तरिक आय परिचालनका सन्दर्भमा हुने नीति निर्माण, कार्यान्वयन तथा अनुगमन जस्ता कृयाकलापहरुमा अपेक्षित रुपमा प्रभावकारिता आउन सकेन । परिणामस्वरुप, स्थानीय निकायहरुमा सरकारी अनुदान माथिको निर्भरता क्रमशः बढ्दै गयो ।

मुलुकमा शान्तिस्थापनापछि नयाँ संविधान निर्माण, राज्य पुनर्संरचना र तीन वटै तहका सरकारको निर्वाचन सम्पन्न गर्ने कार्यमा अपेक्षा गरिएभन्दा बढी समय लाग्न गई संक्रमणकालिन अवधी लम्बिन गए पनि राज्य पुर्नसंरचना र संविधान निर्माण कार्य सम्पन्न भएसंगै स्थानीय तहको अधिकार क्षेत्र तथा जिम्मेवारीहरुमा व्यापकरुपमा परिवर्तन आएको छ । नेपालको वर्तमान संविधानले संघीय वित्त व्यवस्थाका मान्यता अनुसार संविधानमै स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने अधिकार दिएको छ । संविधानले प्रदान गरेका अधिकारहरुलाई कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने कानूनी व्यबस्था तयार गर्ने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन तथा अन्य आवश्यक संघीय कानूनहरु समेत जारी भैसकेको हुँदा स्थानीय सरकारको राजस्व परिचालनका लागि आधारभूत मार्गचित्र कोर्ने कार्य पुरा भएको छ ।

संविधान र प्रचलित कानूनले आर्थिक तथा प्रशासनिक सक्षमताका आधारमा भंसार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आयकर लगाउने अधिकार केन्द्रीय सरकारलाई दिएको छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर, कृषिमा आयकरलगाउने अधिकार प्रदेशको अधिकार क्षेत्रभित्र राखिएको छ भने मालपोत/भूमिकर, सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, सम्पत्ति कर, घर बहाल कर र व्यवसाय करलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । यसैगरी गैर करहरुमा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना लगाउने अधिकार केन्द्रीय सरकारलाई, पर्यटन शुल्क, सेवा शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार प्रदेश सरकारलाई र सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार स्थानीय सरकारलाई दिइएको छ । प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी केन्द्र, प्रदेश र स्थानीय सबै

तहको सरकारले पाउने व्यवस्था गरिएको छ भने कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

मुलुक संघीय गणतन्त्रामक संरचनामा प्रवेश गरी जनताको सबैभन्दा नजिक रहेको स्थानीय सरकारको निर्वाचन पछि जनताका आकांक्षा र चाहनाहरुमा उल्लेख्य बृद्धि भएको अवस्था छ । यस अवस्थामा नगरपालिकाहरुले आआफ्नो क्षेत्रमा गर्ने  विकास निर्माण कार्यलाई तीव्रता प्रदान गरी जनताको संमृद्धि प्राप्तिको चाहनापुरा गर्न, जनचाहना अनुरुप सेवाप्रबाहलाई प्रभावकारी वनाउन आवश्यक पर्ने जनशक्ति व्यबस्थापन गर्न र नवनिर्वाचित प्रतिनिधी र कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि धेरै लगानी गर्न आवश्यक देखिन्छ ।  यस अवस्थामा स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि पनि ती निकायहरुको आन्तरिक राजस्वपरिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ ।

यसै सन्दर्भमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट संयुक्त राष्ट्र संघीय पुँजी विकास कोष ( UNCDF) को सहकार्यमा सुनसरी जिल्ला अन्तर्गत्का बाह्रै वटा स्थानीय तहहरुको राजस्व  परिचालन क्षमतामा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम (LGCDP) अर्न्तगत् राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी कार्यक्रम संचालन गरिएको छ ।

प्रस्तुत प्रतिबेदनदुहवी नगरपालिकाको राजस्व सुधार कार्य योजना (RAIP) हो जसले नगरपालिकाको वित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजस्वको सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ । यो प्रतिबेदन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, संयुक्त राष्ट्र संघीय पुँजी विकास कोष (UNCDF) तथादुहवी नगरपालिकासँगको सहकार्यमा तयार पारिएको हो ।

## १.२   अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य दुहवी नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्थातथाआन्तरिक स्रोतका  संभावनाहरुको विश्लेषण गरीप्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्यको प्राप्तीका लागि देहाय अनुसारका सहायक उद्देश्य निर्धारण गरिएको छ :

- स्थानीय तहको आय अधिकार तथा सुधार योजना सम्वन्धमा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, शाखा प्रमुखहरु तथा राजश्व प्रशासनमा सम्लग्न कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने ।
- विगत तीन बर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय बृद्धिकालागि आयका प्रमुख स्रोतहरुकोसम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- नगरपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आन्तरिक आय सम्बन्धी स्थानीय तहको नमुना कानुन तयार गर्ने ।

## १.३   अध्ययन विधि तथा प्रक्रिया

यसराजस्व सुधार कार्य योजना तर्जुमा कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरुको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरु प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### १.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरु संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरु देहायअनुसार रहेका छन् :

- नेपालको संविधान २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४
- स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली
- नगर विकास योजना, बजेट तथा कार्यक्रमहरु (आ.व. २०७३।७४ तथा ०७४।७५)
- दुहवी नगरपालिकाको पार्श्वचित्र, २०७४
- परिवर्तित संरचना अनुशार विभिन्न मन्त्रालयहरुले निस्कासन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरु

### १.३.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात परामर्शदाताहरुबाट तथ्यांक तथा सूचना संकलनका लागि अवश्यक फारामहरुको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची १**मा प्रस्तुत गरिएको छ ।

### १.३.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम

परामर्शदाताको टोली सम्बन्धित नगर कार्यपालिकाको कार्यालय दुहवीमा २०७४ कार्तिक १२ मा पुगी नगरपालिकाका उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत लगायत अन्य सम्बद्ध कर्मचारीहरुसंग प्रारम्भिक बैठक गरिएको थियो । उक्त बैठकमा राजश्व सुधार कार्ययोजनाको उद्धेश्य र विधि तथा अभिमुखीकरण कार्यक्रमको कार्यतालिका तथा संचालनका पक्षहरुका बारेमा छलफल गरिएको थियो ।

नगरपालिकाको आयोजना तथास्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रमर संयुक्त राष्ट्र संघीय पुँजी विकास कोषको सहकार्यमा दुहवी नगरपालिकाको सभाहलमा कार्तिक १३ र १४ गते दुईदिने प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । नगरपालिकाका नगर उप-प्रमुखश्री सुनिता दाहाल (साह)को अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन नगरपालिकाका कर्मचारीना.सु. श्री कर्ण प्रसाद अधिकारीले गर्नु भएको थियो । प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन प्रसाद निरौलाले वर्तमान अवस्थामा राजश्व सुधारको महत्व र यसको आवश्यकताका बारेमा आफ्नो विचार राख्दै स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । स्वागत मन्तव्य पश्चात सहभागीहरुको परिचय कार्यक्रम गर्दै परामर्शदाताहरुद्धारा सहजिकरण गरिएको थियो । पहिलो दिन कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया, राजश्व सम्बन्धी सैद्धान्तिक पक्षहरु, स्थानीय तहको राजश्व अधिकार तथा परिचालन सम्बन्धी व्यवस्था र प्रभावकारी राजश्व प्रशासन र त्यसका पक्षहरुका बारेमा प्रस्तुती तथा छलफल गरिएको थियो ।

कार्यक्रमको दोस्रो दिन बिशेषगरी कार्ययोजनाको तयारी सम्बन्धि प्राबिधिक पक्षलाई समेटिएको थियो । राजश्व सुधार योजना के हो ? त्यसका पक्षहरु के के हुन्छन ? र कार्ययोजना तयारीको खाँका प्रस्तुत

गरिएको थियो । त्यस लगत्तै सहभागीहरुलाई निम्न चार समुहमा विभाजन गरि समुहगत रुपमा राजश्व सुधार योजनाको मस्यौदा तयार गर्न लगाई सोको प्रस्तुती गरिएको थियो ।

*समूह १. राजश्वका शिर्षकगत दर निर्धारण*

*समूह २. कर राजश्व सुधार योजना*

*समूह ३. अन्य राजश्व सुधार योजना*

*समुह ४. राजश्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)*

उक्त प्रस्तुतीका क्रममा विस्तृत छलफल गरि अन्य सहभागीहरुबाट आएका सुझावहरु संकलन गरि उक्त योजनाको मस्यौदा रुप तयार गरिएको थियो ।समुहगत अभ्यास पश्चात्त यस अध्ययनका लागि आवश्यक थप सूचना तथा तथ्यांकहरुका बारेमा छलफल गरिएको थियो

कार्यक्रमको अन्त्यमा नगर प्रमुख श्री बेद नारायण गच्छदारले अध्यक्षताको तर्फबाट समापन मन्तव्य व्यक्त गर्नुभएको थियो । देशभरका स्थानिय तहहरुमध्ये यस कार्यक्रमका लागि सुनसरी जिल्लाका बाह्रै वटा स्थानियह तहहरु चयन हुनु आफैमा गौरवको विषय रहेको जानकारी गराउनु भयो । उहाँले कार्यशालामा सहभागिता एवम् सहयोगका लागि सम्पुर्ण व्यक्ति तथा सरोकारवाला निकायहरुलाई धन्यवाद दिनु भयो । यस कार्यक्रमका लागिसंघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सहयोगप्रति अभार व्यक्त गर्दै परामर्शदाता टोली लाई धन्यवाद तथा आभार व्यक्त गर्नु भयो ।

नगरपालिकामा भर्खरैमात्र नवनिर्वाचित जनप्रतिनिधिहरु बहाल हुनुभएको तथा नगरपालिकाले विभिन्न किसिमका कानुन, नीति, बजेट, योजना तथा कार्यक्रम बनाउने समय रहेको हुदा यो कार्यक्रम निकै समय सान्दर्भिक भएको कुरा जानाकारी गराउदै यस कार्ययोजना कार्यान्वयन गरि नगरपालिकाको राजस्व प्रशासन तथा परिचालन प्रभावकारी बनाउन नगरपालिका प्रतिबद्ध रहेको कुरा व्यक्त गर्दै कार्यशाला सम्पन्न भएको घोषणा गर्नुभयो ।

कार्यशालाको कार्यक्रम तालिका तथा सहभागीहरुको उपस्थिति विवरण यस प्रतिवेदनको **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.३.४तथ्यांक/सूचना संकलन*

अध्ययनका क्रममा परामर्शदाताद्धारा नगरपालिकाका विभिन्न शाखाहरु, सरोकारवाला पक्षहरुसंगको छलफल, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक तथ्यांक एवम् सूचनाहरु संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवम् सूचनाहरु संकलन गरियो :

- *नगरपालिकाबारे संक्षिप्त जानाकारी*
- *वर्तमान राजश्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजश्व असुली तथा भौतिक सुविधा आदी)*
- *राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु*
- *नगरपालिका तथा साविक गाविसहरुको विगत तीन आ.व.हरुको यथार्थ आय विवरण*
- *आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण*
- *आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्यांक तथा सूचना (सम्बन्धित तथ्यांक, सरोकार पक्षहरु संग छलफल, स्थलगत भ्रमण तथा अवलोकन)*
- *नगरपालिकाको आ.व.०७४।०७५ को योजना, नीति बजेट तथा कार्यक्रम*

### *१.३.५ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी*

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सुचनाहरुलाई आवश्यकता अनुसार विभिन्न तथ्यांकीय औजारहरु तथा विधि (Statistical tools and techniques)तथा सुत्रहरुको प्रयोग गरि विश्लेषण गरिएको छ । विभिन्न आर्थिक वर्षहरुको आधारमा आयको वृद्धि दर गणना गर्दा विभिन्न तथ्याकीय विधिहरुमध्ये LOGESTविधिको प्रयोग गरिएको छ । यसरी विभिन्न विधिहरुबाट विश्लेषण गरि प्राप्त नतिजा तथा जानकारीहरुलाई व्यवस्थित गरि तालिकामा प्रस्तुत गरि प्रस्तुत राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

त्यसै गरि यस नगरपालिकाको राजश्व सम्बन्धी **"स्थानीय तहको नमुना राजश्व ऐन"** को यसै प्रतिवेदनको **अनुसूची ३** मा संलग्न गरिएको छ ।

### *१.३.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश*

उपरोक्त चरणहरु पश्चात्त तयार गरिएको यो राजस्व सुधार कार्ययोजनाको मस्यौदासरोकारपक्षहरु ( सम्बन्धित नगरपालिका,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय निकाय वित्तिय आयोगको सचिवालय तथा यु.एन.सि.डि.एफ.) समक्ष आवश्यक सल्लाह तथा सुझावका लागि पेश गरिएको थियो ।

### *१.३.७ कार्यशाला गोष्ठीको आयोजना*

राजश्व सुधार कार्य योजनाको मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल गरि कार्ययोजनालाई अन्तिमरुप दिने उद्देश्यले नगरपालिकामा एक दिने कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । २०७४ पौष २ गते दुहवी नगर कार्यपालिकाको कार्यलयमा नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, नगर कार्यपालिकाका पदाधिकारीहरु, कर्मचारीहरु, तथा सहजकर्ता गरि जम्मा२६ जनाको उपस्थिति रहेको थियो ।

कार्यशालामा प्रस्तुत गरिएका प्रमुख विषयवस्तुहरु निम्नबमोजिमका रहेका थिए :

- राजस्व सुधारक कार्ययोजना कार्यक्रम : संक्षिप्त जानकारी र प्रगती
- आन्तरिक स्रोत तर्फको राजश्व संकलन : विगत तथा वर्तमान अवस्था
- राजस्व संकलनको वर्तमान संगठन संरचना
- आन्तरिक स्रोत तर्फका राजश्वका प्रमुख स्रोतहरु : हालको अवस्था तथा सम्भावना
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा
- राजस्व सुधार कार्ययोजनाको आधारमा राजस्व प्रक्षेपण

यसरी प्रस्तुत गरिएका शिर्षकहरुमा बृहत छलफल गरि निम्नानुशारको निष्कर्ष तथा सुझावहरु प्राप्त भयो:

- *नगरपालिकामा बेग्लै राजश्व शाखा गठन गर्नका लागि आवश्यक कर्मचरीका लागी जिल्ला समन्वय समिति संग समन्व भएको ।*
- *राजश्व शाखाको कार्यकक्षका लागि भन्दै गरेको भवनको एउटा कोठा प्रयोग गर्ने गरि आवयक भौतिक सामाग्रीको व्यवस्थापन कार्य प्रारम्भ भएको ।*
- *वडा नं. ८, ९ र १० मा सफ्फट्वेयर सहितको कम्प्युटर विलिङ्ग प्रणालि शुरुवात भएको तर वडा नं. ११ र १२ मा इन्टरनेट समस्याका कारण शुरु हुन नसकेको ।*
- *आगामी आ.व. देखि एकिकृत सम्पत्ति कर लागु गर्ने सम्बन्धमा प्रारम्भिक कार्य प्रारम्भ भएको ।*

- *दुहवी बजारमा नगरपालिकाको स्वामित्वमा रहेका जग्गमा बसेका घरधनीहरु संग विगत वर्षहरुकै बहाल विटौरी संकलन गर्नुपर्ने भएकाले सो को कार्यपालिका बाट निर्णय भईसकेको र असुली कार्य पौष ३ देखि शुरु गर्ने निर्णय ।*
- *मालपोत तथा व्यवसाय करका दरको सम्बन्धमा करदाताहरुबाट करको दर उच्च रहेको भन्ने गुनासो आएको हुदा राजश्व परामर्श समितिले सो को पुनरावलोकन गरि एकिकृत सम्पत्तिकर लागु गर्दा यी पक्षहरुमा ध्यान दिने ।*
- *व्यवसाय रजिष्ट्रेशन तथा नविकरण दस्तुर नतोकिएकाले अध्ययन प्रतिवेदनमा प्रस्ताव गरिएको दर उपयुक्त रहेको ठहर ।*
- *मुख्यतः बहालकरको दर, व्यवसाय रजिष्ट्रेशन तथा नविकरण दस्तुरको दर तथा अन्य प्रस्तावित दरहरु राजश्व परामर्श समितिले पुनरावलोकन गरि नगर सभा समक्ष प्रस्ताव गर्ने ।*
- *मस्यौदा कार्ययोजनामा उल्लेखित छलफलका आधारमा केही परिमार्जन सहित अन्तिमरुप प्रदान तथा सो को कार्यान्वियनमा नगरपालिका परिवार प्रतिवद्ध रहेको निष्कर्ष ।*

सहजकर्ताबाट सबै सहभागीहरुमा धन्यवाद प्रकट गर्दै प्राप्त सुझाव तथा थप जानाकारीहरु समावेश गरि राजस्व सुधार कार्य योजनालाई परिमार्जन गरिने र कार्य योजनाको अन्तिम मस्यौदा सहित अध्ययन प्रतिवेदन सम्बन्धित सरोकारवाला समक्ष गरिने जानाकारी गराईएको थियो ।

कार्यशालाको अध्यक्षता गरिरहनु भएका नगर प्रमुख श्री बेद नारायण गच्छदारले कार्यशालामा सहभागिता एवम् सहयोगका लागि सम्पुर्ण व्यक्ति तथा सरोकारवाला निकायहरुलाई धन्यवाद दिनु भयो । नगरपालिकाको राजश्व संकलनको क्षमता र खर्चको आवश्यकताका आधारमा केन्द्रिय अनुदान आउने प्रवधानका बारेमा सचेत रहेको र सो का लागि दुहवी नगरपालिकाले आफ्नो क्षेत्राअधिकार भित्र रहेर यहाँको सामाजीक तथा आर्थिक हैसियतका रुपमा नगर सभाले करका दर निर्धारण गरेको कुरा जानकारी गराउनु भयो । दुहवी नगरपालिकाले राष्ट्रिय नीतिको पालना गर्दै स्थानीय सरकारको नीति तय गरेको र सुनसरी जिल्लाका सबै स्थानीय सरकारहरुका लागी उदाहरणिय कार्य गर्नुपर्नेमा दृढ एवम् विश्वस्त रहको कुरा व्यक्त गर्नु भयो ।

कार्यक्रमको अन्त्यमा यस कार्ययोजना कार्यान्वयन गरि नगरपालिकाको राजस्व प्रशासन तथा परिचालन प्रभावकारी बनाउन नगरपालिका परिवार प्रतिबद्ध रहेको कुरा पुनः व्यक्त गर्दै कार्यशाला सम्पन्न भएको घोषणा गर्नुभयो ।कार्यशालाको कार्यक्रम तालिका तथा सहभागीहरुको उपस्थिति विवरण यस प्रतिवेदनको **अनुसूची ४** मा प्रस्तुत गरिएको छ ।

### *१.३.८ प्रतिवेदनको अन्तिम रुप*

अध्ययनका क्रममा विभिन्न स्रोतबाट संकलित तथ्यांकलाई पुनः परिक्षण, मस्यौदा प्रतिवेदन उपर सरोकार पक्षहरु तथा कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र सल्लाहका आधारमा यस अध्यन प्रतिवेदन तयार गरिएको हो । यस प्रतिवेदनमा दुहवी नगरपालिकाको राजस्व सुधार कार्ययोजना, सो कार्य योजनाका आधारमा आगामी तीन आर्थिक वर्षहरुका लागि नगरपालिकाको आय प्रक्षेपण र राजश्व ऐन समेत समावेश गरिएको छ ।

## १.४. अध्ययनको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, प्रयाप्त सुचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरु देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितिय स्रोतहरुबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुको आधारमा तयार गरिएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्वन्धित कर्मचारीहरु तथा अन्य सरोकारवालापक्षहरुसंग भएको छलफलवाट प्राप्त सूचनाहरु समावेश गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनकोलागि उपलब्ध गराईएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरु विभिन्न कार्यालयहरुको अभिलेख तथा स्थलगत अध्ययनवाट संकलन गरिएको छ ।
- नगरपालिका तथा अन्य कार्यालयहरुवाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्वन्धी तथ्याङ्कहरु संकलन गरिएको छ । तथ्यांक संकलनकोलागि स्थलगत सर्भेक्षण कार्य भएको छैन ।
- यस अध्ययन स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजश्व अधिकारको आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । अध्ययनको क्रममा नयाँ निर्वाचित पदाधिकारीको पदस्थापना भएको तरआर्थिक ऐनले स्थानीय राजश्वका क्षेत्रहरु स्पष्ट रुपले परिभाषित गरि नसकेकोले यस अध्ययनले विस्तृत क्षेत्रलाई समेट्न सकेको छैन ।
- स्थानीय तहको निर्वाचन भई निर्वाचित पदाधिकारीहरु पदस्थापना भईसकेको छ तर प्रदेश तहको निर्वाचन भई राजश्व सम्वन्धी प्रदेश कानून तर्जुमा भएको छैन । संवैधानीक व्यवस्था अनुरुपका उपरोक्त व्यवस्थाहरु पुर्ण भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

# परिच्छेद – दुई : राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

सुनसरी जिल्लाको दक्षिण पूर्वमा पर्ने दुहवी नगरपालिका नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ फाल्गुण २७ गतेको निर्णयअनुसार साविकका दुहवी भलुवा नगरपालिका तथा सोनापुर, सिमरिया, तनमुना र पूर्वकुसाहा गाउँ विकास समितिका सम्पुर्ण क्षेत्रफलहरु समावेश गठन भएको हो । साविकको दुहवी भलुवा नगरपालिका २०७१ बैशाख २५ गते त्तकालिन दुहवी र भलुवा गाउँविकास समितिको क्षेत्र जोडेर गठन भएको थियो भने उक्त नगरपालिकाको कार्यालयनै हालको नगरपालिकाको मुख्य कार्यालयको रुपमा रहेको छ । यस नगरपालिकाको केन्द्र साविकको दुहवी बजारमा नै रहेको छ ।

पूर्वमा मोरङ जिल्लाको बुढीगंगा गाँउपालिका, पश्चिममा गढी गाउँपालिका, उत्तरी भागमा इटहरी उपमहानगरपालिका र दक्षिणी भागमा वर्जु गाउँपालिका रहेको यस नगरपालिका तराईको समथर, उर्वर र सम्भावना बोकेको नगरपालिका हो । पूर्वको सवैभन्दा ठुलो र विकसित शहर विराटनगर महानगरपालिका देखि करिव १४ कि.मि.उत्तरमा र सुनसरीको अर्को विकसित शहर इटहरी उपमहानगरपालिका देखि करिव ५ कि.मि. दक्षीणमा अवस्थित भएकोले पनि यो नगरपालिका विकासको उच्च सम्भावना वोकेको नगरपालिका हो । अझ यी दुई महानगर र उपमहानगरलाई जोड्ने सुविधासम्पन्न राजमार्ग समेत भएको कारण भने दुहवी नगरपालिकालाई उदीयमान नगरपालिकाको रुपमा लिन सकिन्छ । यस नगरपालिका ७६.६७ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ भने २०६८ सालको जनगणना अनुसार यसको जनसंख्या ५६,२६९ र घरधुरी संख्या ११,८९३ रहेको छ ।

दुहवी नगरपालिका प्राकृतिक, धार्मीक, ऐतिहासिक, औद्योगिक तथा कृषि उत्पादन र पशुपालनको हिसाबले परिचित छ । सुनसरी मोरङ औद्योगिक करिडोरको मुटुमै अवस्थित यो नगरपालिका शिक्षा, स्वास्थ्य, संचार, यातायात, विद्युत, खानेपानी र उद्योग व्यवसायको क्षेत्रमा अग्रणी छ । विभिन्न जातजाति, भाषा, धर्म, परम्परा, रितिरिवाज, चाडपर्व र भेषभूषा यस नगरपालिकाका गहना हुन् ।

विभिन्न जातजातीको बसोवास रहेको यस नगरपालिकामा थारु र मुसलमान समूदायको वाहुल्यता एवं सवै जातजातीको सौहार्द र सद्भावपूर्ण सम्बन्ध रहेको छ । मुख्य भाषाहरुमा मैथली, थारु, उर्दू, नेपाली, भोजपुरी, उराउँ, राजवंशी, नेवारी, हिन्दी आदि हुन् ।

## २.२ नगरपालिकाकोसंगठन स्वरुप तथा विद्यमान मानव संशाधन

दुहवी नगर कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत जनशक्तिरुको अवस्था न्यून रहेको छ । खासगरी नगर कार्यपालिकाको कार्यालयमा विभिन्न विषयगत शाखा र एकाईहरुको स्थापना र सञ्चालन गरी दैनिक कामकाज व्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग प्रष्ट देखिन्छ । खागसगरी नीति तर्जुमामा कार्यपालिकालाई सघाउ पुर्याउने अधिकृत स्तरका कर्मचारीहरु जम्मा ४ जना मात्र रहको देखिन्छ ।

यस नगरपालिकाले ९६ कर्मचारी दरबन्दी स्वीकृत गरी ६१दरबन्दीमा पदपूर्ति (स्थायी, अस्थायी, करार तथा ज्यालादारी) गरेको छ । यसरी पदपूर्ति भएका कर्मचारीहरूलाई नगरपालिकाको विभिन्न भूमिकाहरू जस्तो समान्य तथा कर्मचारी प्रशासन, आर्थिक प्रशासन, राजस्व प्रशासन, शहरी विकास, भौतिक पूर्वाधार विकास, सामाजिक विकास, सरसफाइ आदि पूरा गर्न खटाएको छ । नगरपालिकाको कर्मचारी दरबन्दी तथा पदपूर्तिको अवस्था तल दिइएको छ :

**तालिका १: स्वीकृत पद तथा पदपूर्तिको सारांश**


| सि.न. | पद | स्वीकृत पद संख्या | पदपूर्ति संख्या | रिक्त पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| **क** | **नगरपालिका कार्यालयतर्फ** | | | | |
| १ | प्रमुख प्रशासकीयअधिकृत | १ | १ | ० | नेपाल सरकार |
| २ | लेखा अधिकृत | १ | १ | ० | नेपाल सरकार |
| ३ | इन्जिनियर | २ | २ | ० | १ स्थाई,१ करार |
| ४ | आइटी इन्जिनियर | १ | ० | १ | करार |
| ५ | सब इन्जिनियर | २ | १ | १ | १ करार |
| ६ | नायव सुब्बा | ६ | १ | ५ | नेपाल सरकार |
| ७ | कम्पुटर अ | २ | २ | ० | २ जना करार |
| ८ | लेखापाल | १ | ० | १ | नेपाल सरकार |
| ९ | सह लेखापाल | १ | १ | ० | स्थाई |
| १० | सहायक चौथो | ७ | ५ | २ | ३-स्थाई,२अस्थाई |
| ११ | अमिन | १ | ० | १ | |
| १२ | का.स | ४ | ४ | ० | २ जना स्थाई,२ जना अस्थाई |
| १३ | चालकतथा अन्य सहयोगी | ९ | ९ | ० | ३ करार , ६ ज्यालादारी |
| १४ | दमकलसहयोगी तथा झाडुदार | १४ | १४ | ० | स्थाई -१ ,डोर हाजिरी -१३ |
| | **जम्मा** | **५२** | **४१** | **११** | |
| **ख** | **वडा कार्यालयहरू तर्फ** | | | | |
| १ | वडा सचिव | १२ | ९ | ३ | |
| २ | बहिदार | १ | १ | ० | |
| ३ | खरिदार | ४ | ३ | १ | |
| ४ | प्रशासन तथा लेखा सहायक | ८ | १ | ७ | |
| ५ | अ.हे.व | २ | २ | ० | |
| ६ | का.स. तथा चौकीदार | १७ | ४ | १३ | |
| | **जम्मा** | **४४** | **२०** | **२४** | |
| | **कुल जम्मा** | **९६** | **६१** | **३५** | |

नगरपालिकाले आफ्नोसंस्थाको भूमिकालाई अझ प्रभावकारी बनाउन हालको कर्मचारी दरबन्दी अपर्याप्त रहेको देखिएको छ ।

**राजस्व शाखा**

राजश्व प्रशासनको सन्दर्भमा नगर कार्यपालिकाको कार्यालयको वर्तमान संगठन संरचना अन्तर्गत छुट्टै राजश्व शाखाको स्थापना भएको पाइदैन । शाखाको लागि कुनै कार्यस्थल तोकेर सो को व्यवस्थित सञ्चालन समेत गरिएको छैन । तत्कालका लागि लेखा अधिकृतले राजश्व र खर्च दुवैतर्फको जिम्मेवारी लिएको देखिन्छ । राजश्व संकलनका लागि १ जना करारमा नियुक्त कर्मचारी (कम्प्युटर अपरेटर) लाई जिम्वेवारीका साथ खटाइएको छ ।

वर्तमान राजश्व संकलनको सांगठनीक संरचना देहायबमोजिम रहेको छ :




उल्लेखित व्यवस्था अनुसार हाल राजस्व शाखा आर्थिक प्रशासन शाखा अन्तर्गत रहेको छ भने लेखा अधिकृत, सहायक लेखापाल र कम्प्यूटर अपरेटर एक एक जना गरि जम्मा३ जना कर्मचारीहरु यस शाखामा जिम्मेवार रहेका छन् । दैनिक राजश्व संकलनमा जम्मा एक कम्प्युटर अपरेटर मात्र कार्यरत रहेको देखिन्छ भने नगर कार्यपालिकाको कार्यालयमा अन्य कुनै बैकल्पिक कर्मचारी राजश्व संकलनमा रहेको देखिदैन।

नगरपालिकाको वडा नं. १ देखि ७ सम्मको सम्पुर्ण राजश्व तथा अन्य वडाहरुको पटके शुल्क दस्तुर ( जस्तो निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमि कर आदी) बाहेकका राजश्व संकलन नगर कार्यपालिकाको कार्यालयबाट नै हुने गरेको छ भने यसको जिम्वेवारी एक जना मात्र कम्प्युटर अपरेटर लाई दिईएको छ । त्यसैगरि अन्य वडाहरुले पटके शुल्क दस्तुरहरु वडा कार्यालयमै संकलन गर्ने गरेका छन् । वडा नं ८ र ९ को संयुक्त वडा कार्यालय रहेको हुदा उक्त कार्यलयमा नै संकलन हुने गरेको छ भने बाँकी १०, ११ र १२ नं. वडाहरुले पनि आ-आफ्नै वडा कार्यालयहरुबाट संकलन गरिरहेका छन् ।

नगरपालिकाले लेखा प्रणाली तथा राजश्व असुली प्रणालिका लागि आफैले खरिद गरि सांग्रिला सफ्टवेयर लागु गरेको छ ।नगरपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, सफ्टवेयर सहित कम्प्युटर विलिङ) शुरु गरेको छ । हालैमात्र २०७४ मार्ग १५ गते देखि यो प्रणालि नगरपालिकाका वडा नं. ८, ९ र १० मा समेत शुरु भएको छ ।

अन्य वडा कार्यालयहरु (११ र १२) मा नगरपालिकाले कम्प्यूटर, प्रिन्टर, विलिङ सफ्टवेयरका लागि आवश्यक पूर्वाधार खडा गरेको भएता पनि इन्टरनेट समस्याका कारण यो प्रणाली शुरु हुन सकेको छैन । यि वडा कार्यालयहरुमा राजश्व तिर्न आउनेका लागि हाते रसिद काटेर राजश्व संकलन गर्ने र सो रसिदहरु एकमुष्ठ साप्ताहिक रुपम नगरपालिका कार्यालयमा ल्याएर सफ्टवेयरमा ईन्ट्रि गर्ने गरिएको छ ।

नगरपालिका दैनिक रुपमा औसत ४० देखी ५० जना राजश्व बुझाउन आउने गर्दछन् भने दैनिक औसत रु. ४० हजार संकलन हुने गरेकोछ ।

कम्प्युटरीकृत प्रणालीलाई अझ बढी स्तरीय र सम्पुर्ण वडा कार्यालयहरुमा विस्तार गर्न जरुरी देखिन्छ । सिमित कार्यकक्ष तथा भौतीक सुविधा, उपकरणहरू, न्युनकर्मचारी उत्प्रेरणा, गठन भएका इकाईहरूको काम कर्तव्यमा अस्पष्टता आदि राजस्वसंकलनका मुख्य समस्याको रूपमा रहेका छन् जुन राजस्व प्रशासन सुधार कार्यक्रममा संबोधन गर्न जरुरी देखिन्छ ।

## २.३ राजस्व परिचालनसम्बन्धी नीति तथा कार्यक्रमहरु

दुहवी नगरपालिकाले राजस्व परिचालनका सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार नगरेको भएता पनि हालसम्म राजश्व प्रशासन तथा राजश्व परिचालन सम्बन्धी निम्न कार्यहरु अगाडी बढाएको छ :

***राजशव परामर्श समिति***

नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजश्वका श्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आ. व. मा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने प्रयोजनका लागि एक राजश्व परामर्श समितिको गठन हुने व्यवस्था बमोजिम नगर कार्यपालिकाले देहाय बमोजिमको ७ सदस्यीय राजश्व परामर्श समिति गठन गरेको छ :

**तालिका २: राजश्व परामर्श समिति**

| क.सं. | नाम | पद | समिति (जिम्वेवारी) |
|---|---|---|---|
| १ | श्री सुनिता दाहाल साह | नगर उप-प्रमुख | संयोजक |
| २ | श्री अर्जुन निरौला | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | श्री ललिता चौधरी | महिला सदस्य | सदस्य |
| ४ | श्री रमेश रौनियार | वडा सदस्य | सदस्य |
| ५ | श्री | स्थानीय उ.वा.संघ | सदस्य |
| ६ | श्री | स्थानीय नेपाल चेम्बर अफ कमर्स | सदस्य |
| ७ | श्री कैलाश कुमार चौहान | राजश्व प्रमुख (लेखा अधिकृत) | सदस्य सचिव |

राजश्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरु सम्पन्न गरि राजश्वका दररेटहरु तथा राजश्व सम्बन्धि नीतिगत निर्णयहरु गरि नगर सभा समक्ष पेस गरेको थियो ।

***नगर सभाले गरेका राजश्व सम्बन्धी निर्णय तथा नीतिहरु :***

राजश्व परामर्श समितिले गरेका राजश्वका दररेट तथा अन्य नीतिगत निर्णयहरुलाई अनुमोदन गर्दै राजश्व संकलन तथा सो का दररेटहरु चालु आ.व.०७४।०७५ मा लागु हुने गर्ने निर्णयनगर सभाले गरेको छ । नगर सभाद्धारा आ.व.२०७४।७५ को लागि स्विकृत नीति, कार्यक्रम तथा बजेटमा राजस्व परिचालनसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् :

- आधारभुत करका दरहरुलाई समयानुकुल थप घट गरि करको दायरा फराकिलो बनाउदै स्थानिय कर प्रणालीलाई बैज्ञानिक, पारदर्शी र समृद्ध तुल्याउने नीति अवलम्वन गरिनेछ ।
- आगामी आर्थिक २०७५/०७६ को श्रावण १ गते देखि अनिवार्य रुपमा एकीकृत सम्पति कर लागु गर्नका लागि नीति, कार्यविधि सहितको आवश्यक प्रक्रिया पुरा गरिनेछ ।
- घरघरवाट फोहोर उठाउदा स्रोतमै अनिवार्य रुपमा कुहिने र नकुहिने फोहर वर्गिकरण गरि अलग अलग रुपमा संकलन तथा व्यवस्थापन कार्यलाई प्राथमिकीकरण गरि फोहोर मैला ब्यवस्थापन ऐनको आधारमा जथाभावी फोहोर गर्नेलाई दण्ड जरिवना समेतको नीति लिने छ ।
- स्थानीय कृषकहरुको उत्पादनलाई सहज बिक्रि वितरणका लागि केन्द्र, हाटबजार, चिस्यान केन्द लगायतका भौतिक संरचनामा विशेष जोड दिनेछ साथै कृषि उत्पादनको उपयुक्त दर कायम गरि

विक्रि वितरणमा सहजता गरिने नीति लिईने छ । नगरवासीलाई स्वस्थकर मासुका लागि व्यवस्थित पशु बधशाला र मिटमार्ट केन्द्रको स्थापन र संचालनमा ल्याइने छ ।

- स्थानीय तहको कर्मचारीहरुको सेवा, सुविधा, संचालन/व्यवस्थापनका लागि आवश्यक कानुन अध्यावधिक गरिनेछ ।
- कर्मचारीहरुको उत्प्रेरणाका लागि मौद्रीक तथा गैर मौद्रीक कार्यक्रमहरु ल्याईनेछ ।

नगर सभाले उल्लेखित नीतिहरुको सहज कार्यान्वय तथा नगरपालिकाको आय स्रोतको सम्भावना र राजश्व प्रशासनमा अनुकुल हुने गरि निम्न निर्णहहरु समेत गरेको छ :

**अन्य निणर्यहरु**

- नगरपालिका क्षेत्रमा भएको सरकारी, ऐलानी पर्ति जग्गाको अभिलेख तयार गरी नगरपालिकाकाप्रयोगमा ल्याउने ।
- पुरानो बेरुजु फर्छ्यौट गर्नकालागि नगर कार्यपालिकाले आवश्यक तयारी र कारवाही प्रक्रिया अघि बढाउने ।
- दुहवी नगरपालिकाको नगर पार्श्वचित्र, भू उपयोग योजना, एकीकृत बिपद व्यवस्थापन योजना, नगर विकास योजना लगायतका अभिलेखहरु निर्माण गर्न लगाउने र कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने ।
- एकीकृत सम्पत्ति करसंग सम्बन्धित कार्यलाई अघि बढाउन नगर प्रमुखको अध्यक्षतामा समिति गठन गर्ने र आगामी आ.ब.२०७५/०७६ को श्रावण १ गतेदेखि लागु हुने गरि एकीकृत सम्पति कर लगाउन आवश्यक नीतिगत आर्थिक, प्रशासनिक र भौतिक व्यवस्थापन नगर कार्यपालिकाको बोर्डबाट स्वीकृत गराई लागु गर्ने ।
- नगरपालिकामा रहेका दमकल, व्याकहू लोडर तथा दमकल सञ्चालनका लागि कार्यपालिकाले कार्यविधि बनाई लागू गर्ने र सञ्चालन सहजताका लागि उपयुक्त स्थानमा सार्ने ।

## २.४ नगरपालिकाको आय समीक्षा

यस नगरपालिकाले विगतका आर्थिक वर्षहरुमा गरेको आय तथा स्रोत परिचालनको अवस्था, आन्तरिक तथा वाह्य स्रोतबाट संकलित आय, आयको संरचना तथा आयको औसत बृद्धिदर आदीको समीक्षा तथा विश्लेषण यस भागमा गरिएको छ ।

### *२.४.१ आय परिचालनको वर्तमान अवस्था*

नगरपालिकाको आन्तरिक आय सम्भाब्यता थाहा पाउनको लागि हालको कानुनी प्रावधान अनुसार नगरपालिकालाई उपलब्ध आय शिर्षकहरुको परिचालन कसरी गरिएको छ जान्नु उपयुक्त हुन्छ । नगरपालिकाले उपरोक्त आय शिर्षकहरुमध्ये कतिवटामा असुली गरिरहेको छ, कतिवटामा संकलनको निर्णय मात्र गरेको छ र कतिवटामा सम्भवना भएको भनी छलफलबाट यथार्थ अवस्था प्राप्त गरिएको छ । देहायमा उल्लेखित तालिकाले नगरपालिकाको आय परिचालनको अवस्था देखाउँदछ ।

**तालिका ३: आय परिचालनको वर्तमान अवस्था** (वितग तीन आर्थिक वर्षहरुको यथार्थ आम्दानी तथा छलफलको आधारमा)

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | एकीकृत सम्पीत्त कर लागु गर्ने निर्णय भएकाले आगामी आ.व.देखि संकलन नुहने तर बक्यौता मात्र असुल हुने । | संकलन भएको । | दर निर्धारण भएको |
| | घरजग्गा कर | | | |
| | एकीकृत सम्पीत्ति कर | आगामी आ.व. देखि लागु गर्ने नीतिगत निणर्य भएको । | संकलन नभएको । | दर निर्धारण नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको |
| | घर जग्गा बहाल कर | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको |
| | व्यवसाय कर | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | कवाडी करको सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको |
| **ख.** | **अन्य राजश्व** | | | |
| | ढुङ्गा, गिट्टी, वालुवाआदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | सम्भावना भएको । | राजश्व बाँडफाँडका रुपमा जिविस बाट प्राप्त भएको । | दर निर्धारण नभएको । |
| | नक्सापास दस्तुर | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| | व्यक्तिगत घटना दर्ता शुल्क | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| | वहाल विटौरी शुल्क | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| | पार्किङ्ग शुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| | फोहरमैला व्यवस्थापन शुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| | स्थानीय खानेपानी महसुल | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| | स्थानीय विद्युत महसुल | सम्भावना नभएको । | | |
| | मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | सम्भावना नभएको । | | |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीयपर्वाधार तथा सेवामा सेवाशुल्क | सभागृह, पार्क, हाटबजार, पशु वधशाला, शवदाह गृह, वसपार्क आदीको सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |
| | मूल्यांकन सेवा शुल्क | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| | दर्ता, अनुमति शुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | | | । |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| | दण्ड जरिवाना | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले नगरपालिकालाई प्रदान गरेको राजश्व अधिकारका क्षेत्रहरुमध्ये अधिकांश क्षेत्रहरुको आंशिक शिर्षकहरुमा यस नगरपालिकाले राजश्व संकलन गरिरहेको देखिन्छ । विशेषगरि यस नगरपालिकाले एकिकृत सम्पत्तीकर तत्कालै लागु गर्नेपर्ने देखिन्छ भने कवाडी तथा जिवजन्तु कर, प्राकृतिक स्रोत उपयोग शुल्क तथा कर, व्यवसाय तथा अन्य व्यापारिक संघ संस्थाहरु दर्ता तथा ईजाजत र अन्य आयमुलक पूर्वाधाहरुको निर्माण तथा परिचालन लगायतका क्षेत्रमा आवश्यक कृयाकलापहरु बढाई राजश्व प्रशासनलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

### *२.४.२ नगरपालिकाको यथार्थ, संशोधित तथा प्रस्तावित आय विवरण*

यस नगरपालिकाले विगत तीन आ.व.हरुमा संकलन गरेको यथार्थ आय तथा चालु आ.व. २०७४।७५ का लागि प्रस्ताव गरेको प्रस्तावित आयको विवरण तल प्रस्तुत गरिएको छ । प्रस्तुत विवरणको आधारमा रहि विभिन्न आय शिर्षकहरुको योगदान, तिनिहरुको वार्षिक प्रवृत्ती/बृद्धी दर तथा संकलनको अवस्थाको विश्लेषण गरिनेछ ।

मिति २०७३ फाल्गुण २९ गतेको निर्णयअनुसार साविकका दुहवी भलुवा नगरपालिका तथा सोनापुर, सिमरिया, तनमुना र पूर्वकुसाहा गाँउ विकास समिति गाभिएर दुहवी नगरपालिका गठन भएको हुँदा तलको तालिकामा प्रस्तुत आ.व. ०७१/७२ र ०७२/७३ को आय साविकको दुहवी भलुवा नगरपालिकाको हो भने बाँकी आ.व.हरुको आय हालको दुहवी नगरपालिकाको हो ।

*नोट : नेपाल सरकारले तयार गरेको र स्थानीय तहमा लागु भएको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ का आधारमा रहि नगरपालिकाको आय विवरण प्रस्तुत गरिएको छ ।*

**तालिका ४: नगरपालिकाको यथार्थ, संसोधित तथा प्रस्तावित आय विवरण (रु. हजारमा)**

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ | | | औसत बृदी दर (प्रतिशत) | प्रस्तावित आय |
|---|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | | ०७४/७५ |
| **१००००** | **राजश्व तथा अनुदान** | **५४४६५** | **६२००८** | **१२९३६६** | **५४.१२** | **३७८००१** |
| **११०००** | **कर** | **८८०४** | **४९५५** | **३२२७** | **-३९.४६** | **१५४०५** |
| ११३११ | घरजग्गा कर | १५ | ३३ | ८० | १३०.९४ | ११०० |
| ११३१४ | भूमी कर (मालपोत) | १००६ | ८१० | १२६३ | १२.०५ | ३७०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११३२१ | घर बहाल कर | २२७० | | | | ४७०० |
| ११३२२ | बहाल विटौरी शुल्क | ४४७१ | ३१८३ | १०७४ | -५०.९९ | १८०० |
| ११३५१ | व्यवसाय कर | १०२१ | ५९७ | ६२५ | -२१.७६ | ३५०० |
| ११४५१ | सवारी साधन कर | ७ | ३३१ | १८५ | ४१४.०९ | ३०० |
| ११४७२ | विज्ञापन कर | १४ | १ | | | ३०० |
| **१३०००** | **अनुदान** | **३९७९७** | **४७६८७** | **१०२५००** | **६०.४९** | **३५५३६१** |
| १३३११ | समानिकरण अनुदान | | | | | २५५८६२ |
| १३३१२ | शसर्त अनुदान | | १०२७१ | ३०००० | १९२.०८ | ९९४९९ |
| १३३१५ | अन्य अनुदान | ३९७९७ | ३७४१६ | ७२५०० | ३४.९७ | |
| **१४०००** | **अन्य राजश्व** | **५८६४** | **९३६६** | **२३६३९** | **१००.७८** | **७२३५** |
| १४१७० | राजश्व बाँडफाँडबाट प्राप्त आय | ११०८ | ९१२ | १००० | -५.०० | ० |
| १४२१३ | बिक्रिबाट प्राप्त रकम | ८१ | २३६ | ३७५ | ११५.१७ | ५५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०५ | २८ | ४८ | -३२.३९ | २०० |
| १४२४० | दस्तुर | १८९५ | ३००४ | ७२१३ | ९५.१० | ३८८० |
| *१४२४२* | *नक्सापास दस्तुर* | | *१११८* | *२३४३* | *२२.१६* | *२८००* |
| *१४२४३* | *सिफारिश दस्तुर* | *१८९५* | *८७६* | *७५९* | *-३६.७१* | *६००* |
| *१४२४४* | *व्यक्तिगत घटना दर्ता दस्तुर* | | | *३७* | | |
| *१४२४५* | *नाता प्रमाणित दस्तुर* | | *९* | *१६* | *७७.७८* | |
| *१४२४६* | *मुल्यांकन दस्तुर* | | | *१४५८* | | |
| *१४२४९* | *अन्य दस्तुर* | | *२०१* | *२६००* | | *४८०* |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना | ५२ | ५ | ३ | -७५.९८ | ५० |
| १४५२३ | लागत सहभागिता | १५६२ | २१७२ | १५००० | २०९.८९ | |
| १४५२९ | अन्य राजश्व (विविध आय) | १०६१ | ३००९ | | | ३०५० |
| **३३०००** | **दायित्व** | **३५५** | **०** | **०** | | **०** |
| ३३१९३ | अन्य संघ संस्थाबाट प्राप्त ऋण | ३५५ | | | | |
| **जम्मा राजश्व, अनुदान तथा दायित्व** | | **५४८२०** | **६२००८** | **१२९३६६** | **५३.६१७५** | **३७८००१** |

*स्रोत: विभिन्न आर्थिक वर्षहरुको बजेट तथा कार्यक्रम*

२०७३ फागुन २९ गते दुहवी नगरपालिकामा गाभिएका अन्य नगरपालिकाको यथार्थ आय विवरण देहाएको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५: विगत आ.व. २०७३/७४ को फाल्गुण २९ सम्मको यथार्थआन्तरिक आय विवरण (रु. हजारमा)**

| क.सं. | साविकका गाविसहरु | आन्तरिक आय |
|---|---|---|
| १ | सोनापुर | ११५०.०० |
| २ | सिमरिया | ६००.०० |
| ३ | तनमुना | ८८.०० |
| ४ | पूर्वकुशाहा | ५७४.०० |

*स्रोत: साविक गाविसको प्रतिवेदन*

### *२.४.३ नगरपालिकाको आय संरचना*


नगरपालिकाको आयलाई आन्तरिक तथा बाहृय गरि स्रोतका आधारमा दुई भागमा वर्गीकरण गरिएको छ । स्थानीय कर, सेवा शुल्क, दस्तुर, बिक्री, स्रोत परिचालन, लगानी तथा अन्य आय बापत स्थानीय स्तरमै संकलन हुने आय आन्तरिक आय अन्तरगत पर्दछन् तथा यस्ता आय संकलनका सन्दर्भमा सम्बन्धित

नगरपालिकालाई नै अधिकार प्रदान गरिएको छ । त्यसै गरि नेपाल सरकार, जिविस तथा अन्य निकायहरु बाट प्राप्त हुने विभिन्न किसिमका अनुदान तथा सहायता, अन्य निकाशा, ऋण तथा सापटी लगायतका आम्दानीका क्षेत्रहरु आम्दानीका बाह्य स्रोत अन्तर्गत पर्दछन् ।विगत तीन आ.व.को कुल आयमा आन्तरिक तथा बाह्य स्रोतको योगदान देहाय बमोजिम रहेको छ :

**तालिका ६: नगरपालिकाको आय संरचना (रु. हजारमा)**

| क.सं. | राजश्व शिर्षक | यथार्थ | | | औसत बृदी दर (प्रतिशत) |
|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | |
| १ | आन्तरिक आय | १,१९,९८ | १,१२,३७ | १,०८,६६ | -५ |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त आय | ११,०८ | ९,१२ | १०,०० | -५ |
| ३ | अनुदान | ४,१७,१४ | ४,९८,५९ | ११,७५,०० | ६८ |
| ४ | दायित्व | 0 | 0 | 0 | |
| | **जम्मा** | ५,४८,२० | ६,२०,०८ | १२,९३,६६ | ५४ |

**रेखाचित्र १: कुल आयमा आन्तरिक, राजस्व बाँडफाँड तथा बाह्य स्रोतको योगदान**




उल्लेखित तालिका तथा रेखाचित्रका आधारमा विश्लेषण गर्दा यस नगरपालिकाको कुल आयको संरचनामा आन्तरिक आयको योगदान निकै न्यून रहेको छ । अघिल्ला आर्थिक वर्षहरुका तुलनामा हालका वर्षहरुमा आन्तरिक आयको योगदान क्रमश: घट्दै गईरहेको छ । आ.व. २०७१।७२ मा नगरपालिकाको कुल आम्दानिमा आन्तरिक आयको योगदान करिब २२ प्रतिशत रहेकामा, आ.व. २०७२।७३ मा १८।१२ प्रतिशत मा झरेको छ भने, अघिल्लो आ.व. २०७३।७४ मा सो योगदान घटेर ८.४० प्रतिशत मात्र झरेको छ । त्यसै गरि राजस्व बाँडफाँड बाट प्राप्त आयको योगदान पनि निकै न्यून रहेको छ । आ.व. २०७१।७२ मा नगरपालिकाको कुल आम्दानिमा राजस्व बाँडफाँड बाट प्राप्त आयको योगदान २ प्रतिशत रहेकामा, आ.व. २०७३।७४ मा घटेर करिब १ प्रतिशत मा पुगेको छ । नगरपालिकाले दिर्घकालिन योजनाहरु बनाई आन्तरिक आय बढाउदै लैजाने कार्य लाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

नगरपालिकाले स्थानीय कर तथा दस्तुरका अलावा नगर क्षेत्रमा विभिन्न सेवा प्रदानकार्यलाई प्रभावकारी रुपमा संचालन गर्दै सोबाट सेवा शुल्क संकलन गर्ने तथा सम्पत्ती परिचालन गरि सोबाट समेत मनग्य आय संकलन गर्न सकिने सम्भावना देखिएकोले आगामी दिनमा त्यसतर्फ ध्यान दिनु पर्ने देखिएकोछ ।

# परिच्छेद – तीन : आन्तरिक आयकोवर्तमान अवस्था तथा सम्भावना विश्लेषण

यस परिच्छेदमा नगरपालिकाले वर्तमान अवस्थामा संकलन गरिरहेको तथा संभावित आन्तरिक आम्दानीको हालको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शिर्षगत् रुपमा विस्तृतमा विश्लेषण गरिएको छ ।

## ३.१ नगरपालिकाको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- हाटबजार व्यवस्थापन
- सवारी साधन कर
- मनोरञ्जन कर
- घर बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत)
- ब्यक्तिगत घटना दर्ता
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुशार स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

**कर**

- एकिकृत सम्पत्ति कर वा घर जग्गा कर (२०७५ अषाढ मसान्तसम्म)
- भूमि कर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र
- घर जग्गा बहाल कर
- ब्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा ब्यवसायमा

- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
- नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत
- जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर
- वस्तु तथा सेवा विक्री
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जरावुटी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुशार संघिय, प्रादेशिक तथा स्थानीय सरकार बिच बाँडफाँड हुने व्यवस्था अनुशारको राजश्व अधिकार :

**संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति

- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**स्थानीय तहमा संकलन भई बाँडफाँड हुने**

- बिज्ञापन करः स्थानीय तहले दर निर्धारण र संकलन गर्ने
- मनोरञ्जन करः स्थानीय तहले संकलन गर्ने (दर र संकलन विधि प्रदेशले निर्धारण गर्ने)
- घर जग्गा रजिष्ट्रेशन शुल्क : स्थानीय तहले संकलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने )
- उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र संकलन स्थानीय तहले गर्ने
- ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गर्ने ।

**प्रदेश तहबाट संकलन भई वाँडफाँड हुने**

- सवारी साधन (माथि उल्लेखित बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने
- पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने
  *(पवर्तारोहण, राष्टिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले गरे बमोजिम हुने)*

## ३.२ आन्तरिक आय परिचालनका बृहत्तर संस्थागत ब्यवस्था

नगरपालिकाले उपलब्ध वित्तीय अधिकार अनुकुल राजस्व परिचालनमा सुधार ल्याउनको लागि तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । राजश्व परिचालनमा नगरपालिकाले सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरु देहाय बमोजिम रहेका छन् :

### *कानुनी तथा नीतिगत व्यवस्था*

नेपालको संविधान तथा सघीय कानुनले प्रदान गरेका राजश्व अधिकार सम्बन्धी प्रावधानहरुको व्यवस्थित कार्यान्वयन र राजश्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरु समयमै तयार गरि नगर सभा बाट पारित गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### *उपयुक्त संगठन निर्माण*

नगरपालिकाले उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ तथा वेग्लै राजस्व शाखाको व्यवस्था गर्नुपर्ने देखिन्छ । राजस्व शाखाको स्तरोन्नति, कर्मचारीको स्पष्ट कार्य विवरण, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना, उत्प्रेरणात्मक विधिहरुको अवलम्बन, नागरिक केन्द्रित राजस्व प्रशासन जस्ता पक्षहरुलाई सम्वोधन गर्नेगरी राजस्व संगठनलाई सुधार गर्नुपर्ने देखिन्छ ।

त्यसैगरि वडा कार्यालयहरुको समेत क्षमता अभिवृद्धी गरि वडा कार्यालयहरु मार्फत्नै राजश्व संकलनको प्रभावकारी प्रणाली व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

*तथ्याङ्कमा आधारित अभिलेख*

कर तथा राजस्व परिचालनका लागि यसका आधारहरुको स्पष्ट तथ्यांक एवं प्रक्षेपित अभिलेख हुनु जरुरी छ । कर तथा राजस्व सम्बन्धी यसको दायरा र क्षेत्रका सम्बन्धमा आवश्यक विवरण, जानकारी तथा अभिलेख नगरपालिकामा नरहेको अवस्था छ । कर तथा राजस्वका स्रोतहरुको पूर्ण अभिलेख भएको अवस्थामा मात्र आन्तरिक स्रोतहरुको प्रभावकारी परिचालन हुन सक्ने देखिन्छ ।

*आन्तरिक स्रोतहरुको प्राथमिकीकरण*

नगरपालिकाले आफनो क्षेत्रभित्र अधिक संभावना भएका स्रोतहरुलाई प्राथमिकतामा राख्नु पर्दछ । नगरपालिकाले संकलन गर्न सक्ने विभिन्न कर, शुल्क तथा दस्तुरका दायरा तथा दरहरुको विवरण आवधिकरुपमा अद्यावधिक गरि आन्तरिक स्रोतहरुको प्राथमिकिकरणका आधारमा नयाँ स्रोतहरुको पहिचान तथा विद्यमान स्रोतहरुको दायरा विस्तार गर्दै राजस्व परिचालन गर्न राजस्व प्रशासनलाई सोही अनुरुप चुस्त दुरुस्त पार्नु पर्दछ ।

*न्यायोचितराजस्व प्रणाली*

नगरपालिकाद्धारा लगाइने कर तथा शुल्कहरुलाई सेवाग्राहीको सुविधासँग जोडेर हेर्नुपर्ने हुन्छ । जुन क्षेत्रवाट राजस्व संकलन गरिएको हो, सोही क्षेत्रको विकास र सेवा विस्तारमा उपरोक्त आम्दानी खर्च गर्नुपर्दछ । त्यस्तै कुनै नयाँ क्षेत्रमा कर लगाउँदा त्यसले आधारभूत वस्तुहरुको उत्पादनलाई निरुत्साहित गर्ने र नगरको स्थानीय अर्थतन्त्रमा नकारात्मक असर पर्ने अवस्था आएमा त्यस्तो करलाई तत्कालको लागि स्थगित गर्नु पनि हितकर हुन्छ ।

*सार्वजनिक निजी साझेदारी मार्फत आयमूलक कार्यक्रम*

आफ्नो आन्तरिक आयक वृद्धिका लागि विद्यमान सम्पतिको परिचालन गरी व्यवसायीक सेवमुलक तथा आयमूलक कार्यक्रमहरु पनि सञ्चालन गर्न आवश्यक देखिन्छ । यसका लागि निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित गरी नयाँ वस्तु र सेवाको उत्पादन तथा ब्यापार गर्न सक्दछ ।

*पारदर्शिता र जवाफदेहिता*

प्रभावकारी राजश्व प्रशासनकालागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुाण्स्तरीय, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन आवश्यक छ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु यस दिशातर्फको सकारात्मक कदम हुन सक्दछ । सङ्कलित राजस्वका बारेमा सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ ।

*परिवर्तित ब्यवस्था अनुसार राजश्व संकलन*

परिवर्तित ब्यवस्था अनुसार राजश्व संकलनकोलागि कानूनी ब्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनकोलागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजश्व शिर्षकहरुमा समन्वयात्मक तरिकाले राजश्व संकलन गर्नु तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्य रहेको छ । परिवर्तित सन्दर्भ अनुसारको राजश्व संकलनकोलागि सहयोगि हुने कानूनको नमूना ***अनुसूची ३*** मा दिईएको छ ।

## ३.३ राजस्व प्रशासन तथा नीति सम्बन्धि सवालहरु

उपरोक्त ब्यवस्थालाई मध्यनजर गर्दा नगरपालिकाको राजस्व परिचालन सम्वन्धमा निम्न मुद्दाहरु रहेको देखिन्छ :

- राजश्व प्रशासन सम्बन्धी आवश्यक ऐन, नियम तथा कार्यविधिहरु तयार नहुनु ।

- संगठन संरचनामा बेग्लै राजश्व शाखाको व्यवस्था नहुनु ।
- राजस्वप्रशासनका लागि आवश्यक कर्मचारी, तालिम तथा कार्य सम्पादन मुल्यांकन नहुनु ।
- राजस्वसम्बन्धी अभिलेख तथा अनुगमन प्रणालि समयानुकुल वनाउन पर्याप्त पहल  नहुनु ।
- नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तीहरु अत्याधिक परिचालन गरी आय आर्जन गर्ने तर्फ विषेश पहल हुन नसक्नु ।
- कतिपय करका दर, शुल्क तथा दस्तुरको दर निर्धारण नहुनु ।
- राजश्वकास्रोतहरुको प्राथमीकीकरण गरि बढि आयआर्जन हुन सक्नेमा विशेष ध्यान दिने प्रणाली स्थापना नहुनु ।
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरुको दायरा विस्तारमा विशेष पहल नगर्नु ।

## ३.४ आन्तरिक स्रोततर्फका राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

नगरपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोततर्फ संकलन गर्ने राजश्वमध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा संभावित नयाँ आय क्षेत्रहरुको संभावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ । सम्भावनाको विश्लेषण गर्दा हालको नगरपालिकाको समग्र नगरक्षेत्रको आधारमा रहि गरिएको छ ।

### क) मालपोत तथा भुमीकर

यस नगरपालिकाले आगामी आर्थिक वर्ष देखि एकिकृत सम्पत्तिकर लागु गर्ने नीतिगत निर्णय संगै सो सम्बन्धी प्रारम्भिक कार्यहरु अगाडी बढाईसकेकाले मालपोत वा भुमीकर स्वतः खारेज हुनेछ ।

हालका दिनहरुमा यस नगरपालिकाले मालपोत संकलन गरिरहेको छ । आगामी आर्थिक वर्षदेखि सम्पत्ति करले प्रतिस्थापन गर्ने हुँदा पुरानो वक्यौता मात्र यस शिर्षकमा असुल हुने र सो असुली पनि क्रमशः घट्दै जाने अनुमान गर्न सकिन्छ । अघिल्लो आ.व.हरुमा संकलित मालपोतको रकमका आधारमा विश्लेषण गर्दा करिब २० लाख आगमी आ.व.मा मालपोत बापतको बक्यौता रकम हुन सक्ने अनुमान गरिएको छ ।

### ख) घरजग्गा कर

यस नगरपालिकाले आगामी आर्थिक वर्ष देखिसम्पत्तिकर लागु गर्ने नीतिगत निर्णय संगै यो कर स्वतः खारेज हुनेछ ।

### ग) एकिकृत सम्पत्तिकर

हालसम्म नगरपालिकाले सम्पत्ति कर लागु गरेको छैन । हालसम्म घरजग्गा कर तथा मालपोत वा भुमी कर नै संकलन गरिरहेको छ । सघीय कानुनले यो कर लागु गर्नका लागि राखेको अनिवार्य प्रावधान तथा नगरपालिकाको नगरसभाले समेत आगामी आ.व.देखि सम्पत्तिकर लागुगर्ने भनि नीतिगत निर्णय गरिसकेको हुँदा आगामी आ.व. २०७५/७६ देखि दुहवी नगरपालिकामा सम्पत्तिकर लागु हुने अपेक्षा गरिएको छ ।

२०६८ सालको जनगणना अनुसार यस नगरपालिकाको घरघुरी करिब १२ हजारमात्र रहेता पनि सम्पत्तिकरको सन्दर्भमा करदाताको संख्या करिब २४६०० हुन सक्ने अनुमान गरिएको छ ।

नगरपालिकाक्षेत्रभित्र सम्पत्ती भएका सम्पुर्ण करदाताहरु नगरपालिकामा दर्ता नभईसकेको हुदा घरधुरी संख्या, करयोग्य जग्गा तथा नगरपालिकाले निर्धारण गरेको करको दरका आधारमा यस करको सम्भावित आय गणना गरिएको छ । आवश्यक तथ्यांकका लागि नगरपालिकाको नगर प्रोफाईल तथा सम्बन्धित

पक्षहरुसंग छलफल गरि अनुमान गरिएको छ । संकलित तथ्यांकका आधारमा यस करको कुल सम्भावना निम्नानुसार गणना गरिएको छ :

**तालिका७: सम्पत्ति कर सम्भावनाको गणना**

| क्र.सं. | विवरण | अनुमानीत करदाता संख्या | औसत करको दर | संभाव्य कर रकम |
|---|---|---|---|---|
| १ | ठुला उद्योग तथा व्यवसायिक भवन भएका करदाता | १०० | ३५,००० | ३,५००,००० |
| २ | बजार क्षेत्रमा पक्कि घर सहित घरजग्गा भएका करदाता | १,५०० | ३,००० | ४,५००,००० |
| ३ | पक्कि सडकले जोडिएको क्षेत्रमा घर सहित घरजग्गा भएका करदाता | २,५०० | १,५०० | ३,७५०,००० |
| ४ | अन्य बाँकी करदाता | २०,५०० | ६०० | १२,३००,००० |
| | **जम्मा** | **२४,६००** | **४०,१००** | **२४,०५०,०००** |

हालको अवस्थामा सम्पत्ति करको कुल सम्भावना करिब रु. २ करोड ४० लाख ५० हजार देखिएता पनि शतप्रतिशत रकम आगामि आ.व.मा संकलन हुन नसक्ने कुरालाई मध्यनजर गर्दा कुल सम्भावनाको ८० प्रतिशत अर्थात् जम्मा रु. १ करोड ९२ लाख ५० हजार मात्र संकलनहुने अनुमान गरिएको छ ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरु:**

- सम्पत्तिकर लागु गर्नका लागि आवश्यक वेग्लै कार्यविधि तयार गर्नुपर्ने ।
- विभिन्न समितिहरु गठन गर्नुपर्ने ।
- घरधुरी  र सम्पत्तिवालाको संख्या निर्क्यौल गरी अभिलेख दुरुस्त गर्ने ।
- घर र जग्गाको प्रकार अनुसार सम्पत्ति मूल्यांकनको मापदण्ड तयार गरि सम्पत्ति करका दर एकिन गर्ने ।
- सम्पत्तिकर प्रशासनका लागि आवश्यक सांगठिन संरचना (बेग्लै सम्पत्ति कर उपशाखा, आवश्यक भौतिक सामाग्री, सफ्टवेयर, दक्ष जनशक्ति) को व्यवस्था गर्ने ।

**घ) घर जग्गा वहाल कर**

नगरपालिकाभित्रका कुनै पनि घर, टहरा, पसल, ग्यारेज, उद्योग, जग्गा, पोखरी आदि बहालमा लगाइएको अवस्थामा लिइने कर घरबहाल कर हो । नगरपालिकाले आ.व. २०७१/७२मा केही रकम घरबहाल करको रुपमा संकलन गरेको देखिता पनि हालका आ.व.हरुमा यो कर संकलन भएको छैन ।

हालै सम्पन्न नगर सभाले बहाल करको दर निर्धारण (बहाल रकमको ४ प्रतिशत) तथा आगामी आ.व.का लागि ४७ लाख रुपैया संकलन हुन सक्ने अनुमानका अलावा यो कर संकलनमा थप पहल केही  गरेको देखिदैन ।

निम्न तथ्यांक तथा मान्यताका आधारमा बहाल करको कुल सम्भावना गणना गरिएको छ :

***बहालमा रहेका घरधुरी तथ्यांक :*** यसका लागि नगर प्रोफाईल तथा अन्य सम्बद्ध पक्षहरुसंग गरिएको छलफललाई आधार मानिएको छ ।

***मासिक भाडा रकम :*** विभिन्न व्यक्तिहरुसंग छलफल गरि बजारमा चलन चल्तीमा रहेको भाडा रकमको औसत बजार मुल्यभन्दा केही न्यून रकमलाई आधार मानिएको छ ।

***बहाल करको दर :*** स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र परेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार स्थानीय तहमा नै रहेकाले नगरपालिकाले बहाल रकमको १० प्रतिशतको दर तोक्दा उपयुक्त हुने देखिन्छ ।*(साविकमा आय कर अन्तर्गत् आन्तरिक राजस्व कार्यालयमा १० प्रतिशत तथा स्थानिय निकायमा २ प्रतिशत गरि जम्मा १२ प्रतिशत बहाल करको व्यवस्था रहेको थियो ।)*

उल्लेखित पक्षहरुको आधारमा रहि निम्नानुशारको बहाल कर गणना गरिएको छ :

**तालिका ८: घरबहाल कर सम्भावनाको गणना**

| क.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | **(ख)** | **(ग)** | **(घ)** | **(✦)** |
| | | **(क)** | अनुमानित | खx ग x १२ | क x ग | घ को १० प्रतिशत |
| १ | ठुला व्यापारिक | २६ | ५०,००० | ६००,००० | १५,६००,००० | १,५६०,००० |
| २ | संस्थागत | ३२५ | ७,५०० | ९०,००० | २९,२५०,००० | २,९२५,००० |
| ३ | साना व्यापरिक तथा अन्य | १,२५० | २,००० | २४,००० | ३०,०००,००० | ३,०००,००० |
| **जम्मा** | | **१,६०१** | | | **७४,८५०,०००** | **७,४८५,०००** |

*तथ्यांक स्रोत: नगर प्रोफाइल तथा सम्बन्धित पक्ष संग छलफल*

अध्ययनका लागि संकलित बहालमा लगाईएको घर सम्बन्धी विवरण तथा भाडामा भएको कोठा तथा मासिक घरभाडाको अनुमानका आधारमा हेर्दा आगामि आ.व.का लागि नगरपालिकाले संकलन गर्न सक्ने कुल सम्भावना करिब रु. ७५ लाख देखिएको छ । तर विभिन्न प्रशासनिक जटिलताका कारण आगामी आ.व.मा कुल सम्भावनाको करिब ७० प्रतिशत मात्र अर्थात् रु. ५२ लाख ३९ हजार संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरु**

- स्थलगत सर्भे गरी भडामा रहेका संरचनाको विवरण संकलन गरी लागत तयार गर्ने ।
- कर कार्यालयसंग समन्वय गरी सो कार्यालयले संकलन गरेको विवरणको आधारमा संस्थागत प्रयोगकोलागि घर वहालमा दिने घरधनीहरुको लागत तयार गर्ने ।
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।

### ङ) वित्तिय र पुँजिगत कारोबारमा लाग्ने कर (व्यवसाय कर)

व्यवसाय कर यस नगरपालिकाको आन्तरिक स्रोत तर्फको राजश्वको एक महत्वपूर्ण स्रोत हो । बढ्दो शहरीकरण र बजारीकरण यस नगरपालिकाको प्रमुख विषेता नै हो । यस नगरपालिकामा विभिन्न किसिमका उद्योग, व्यवसायहरु तथा संघ संस्थाहरु रहेका छन् भने बन्ने क्रम पनि तिब्र छ ।

करदाताको सहि पहिचान तथा उनिहरुबाट कर असुली तथा संकलनका लागि प्रभावकारी संयन्त्र नहुनु यस कर संकलनको मुख्य चुनौति रहेको छ । व्यवसाय कर संकलनका लागि यस नगरपालिकाले हाल सम्म कुनै लक्षित कार्यक्रम संचालन गरेको छैन । व्यावसाय संचालन गर्ने व्यवसायीहरु विशेष गरि व्यवसाय स्थापना गर्दा आवश्यक कानुनी प्रकृयाका लागि तथा केही व्यवसायीहरु कर्जा लिनका लागि आवश्यक कागजात लिनका लागि नगरपालिका आउने र सोही बखत नगरपालिका कार्यालयमा व्यवसाय दर्ता गरि कर तिर्ने गरेको पाईयो । व्यवसायीहरुले बार्षिक रुपमा कर तिरी आफ्नो व्यवसाय नविकरण गर्नुपर्दछ भन्ने कुराको जानकारी गराउन नगरपालिकाले विषेश कदम चालेको देखिदैन ।आ.व. २०७३/०७४मा यस नगरपालिकाले जम्मा ४९३ व्यवसायीहरुबाट रु. ६,२४,८२० व्यवसाय कर संकलन गरेको छ । यो रकम कुल आन्तरिक आयको करिब ९ प्रतिशत रहेको छ ।

नगरपालिकामा यर्थाथ तथ्यांक नभएतापनि यस अध्ययनका लागि नगर प्रोफाईल तथासम्बन्धित पक्षहरु छलफल तथा तथ्यांक संकलन गर्दा करिव ठुला साना गरि करिब ४,०००उद्योग व्यवसायहरु नगरक्षेत्रमा रहेको देखिन्छ । प्राप्त तथ्यांक तथा नगर सभाले प्रस्ताव गरेको विभिन्न व्यवसायहरुको औसत करका आधारमा गणना गर्दा देहाय बमोजिमको व्यवसाय करको कुल सम्भावना देखिन्छ ।

**तालिका ९: व्यवसाय कर सम्भावनाको गणना**

| क.सं. | व्यापार व्यवसायको विवरण | संख्या | औसत करको दर | संभावित आय |
|---|---|---|---|---|
| १ | **उद्योग तथा कलकारखानाहरु** | | | |
| | ठुला लगानीका उद्योगहरु | ३७ | ३५००० | १२९५००० |
| | मध्यम लगानीका उद्योगहरु | २२ | १५००० | ३३०००० |
| | अन्य साना लगानीका अद्योगहरु | २७५ | २००० | ५५०००० |
| २ | **बैंक तथा वित्तिय संस्थाहरु** | | | |
| | बैंकहरु | ३ | १५००० | ४५००० |
| | सहकारी संस्थाहरु | २७ | २००० | ५४००० |
| ३ | **निजी विधालय** | २२ | ५००० | ११०००० |
| ४ | **व्यवासायहरु** | | | |
| | पेट्रोल पम्प | ५ | ३५०० | १७५०० |
| | सिनेमा हल | १ | ५००० | ५००० |
| | ठेक्का व्यवसायीहरु | १५ | ६००० | ९०००० |
| | व्यापारिक कम्प्लेक्सहरु (पार्टी प्यालेस) | २ | १०००० | २०००० |
| | निर्माण व्यवसायी तथा सप्लायर्स | २० | ३००० | ६०००० |
| | औषधी व्यवासाय (क्लिनिक तथा भेटेरनरी) | २७ | १५०० | ४०५०० |
| | अन्य थोक तथा ठुला व्यवसायहरु | ३७५ | ५००० | १८७५००० |
| | अन्य थोक तथा खुद्रा व्यवसायहरु (साना) | ३१२५ | १००० | ३१२५००० |
| **जम्मा** | | **३९५६** | | **७६१७०००** |

*तथ्यांक स्रोत: नगरपालिकाको नगर प्रोफाइल तथा छलफल*

उपरोक्त विश्लेषणका आधारमा हेर्दा यस नगरपालिकाको व्यवसाय कर संकलनको सम्भावना करिब७६ लाख १७ हजार रहेको भएता पनि विभिन्न प्रशासनिक जटिलता, नगरपालिकाको सांगठनीक संरचना, करदातामा सहि सूचना तथा कर तिर्नु पर्दछ भन्ने जिम्मेवारी बोधको अभावका कारण सहजै उक्त रकम संकलन हुने सम्भावना न्युन छ । नगरपालिकाले तत्कालै व्यवसाय दर्ता तथा नविकरण तथा सोको कर सम्वन्धी प्रावधानका सन्दर्भमा विभिन्न खाले जानाकारीमुलक कार्यक्रमहरु, कर संकलनका लागि घुम्ती कार्यक्रमहरु तथा विभिन्न सरोकार पक्षहरुसंग अन्तरकृया तथा समन्वय गरेको खण्डमा उक्त कुल सम्भावनाको करिब ७० प्रतिशत रकम अर्थात् रु ५३,३१,९००आगामी आ.व.मा संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

**सुधारका लागि गर्नुपर्ने कार्यहरु:**

- व्यवसाय कर सम्वन्धी आवस्यक सूचनासहितको व्यवसायहरुको यथार्थ विवरण संकलन तथा अद्यावधिक गर्ने ।
- व्यवसाय करकोलागि कम्प्युटर सफ्टवयर प्रणाली स्थापना गरी कर्मचारीहरुलाई तालिम दिने ।
- व्यवसाय बन्द गरी नगर छोडेका, मृत्यू भएका वा एउटा बन्द गरी अर्को शुरु गरेका ब्यवसायीहरुको विवरण छानबीन गरी करको लागत कट्टा गर्ने ब्यवस्था मिलाउने ।
- व्यवसाय करमा छुट तथा जरीवानाको व्यवस्था लागु गर्ने ।

- व्यवसाय कर प्रभावकारी संकलन तथा बृदि का लागि करको दायरा बढाउने । यस सम्बन्धमा सम्बन्धित पक्षहरु संग छलफल गरी निर्णय गर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग बाणिज्य संघ आदी कार्यालयहरु संग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालय ले व्यवसाय संचालनका लागि VAT तथा PANदर्ता एवं नविकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ ।

### च) पुर्वाधार सेवाको उपयोग (सवारी कर)

हालको कानुनी व्यवस्था अनुशार नगरपालिकाले सिमित सवारी साधन (अटो रिक्सा तथा ईरिक्सा, ठेला गाडा, टाँगा र रिक्सा)हरुको मात्र दर्ता, नविकरण तथा वार्षिकसवारी करसंकलन गर्न सक्ने अधिकार दिएको छ ।

यस नगरपालिकाले विगतका आ.व.हरु देखि नै उल्लेखित साधनहरुको दर्ता, नविकरण तथा वार्षिक सवारी कर संकलन गर्दै आईरहेको छ । नगर सभाले यस्ता सवारी साधनहरुको करको दर निर्धारण गरेको छ ।

सवारी साधन सम्बन्धी प्राप्त तथ्यांक तथा औसत करका आधारमा गणना गर्दा देहाय बमोजिमको सवारी करकोसम्भावना देखिन्छ ।

**तालिका १०: वार्षिक सवारी कर सम्भावनाको गणना**

| सवारी साधन | संख्या | करको दर (रु.) | सम्भावित आय (रु.) |
|---|---|---|---|
| नगरपालिकामा जम्मा दर्ता अटो तथा ई रिक्सा | २१८ | ५००० | १०९०००० |
| **जम्मा** | **२१८** | | **१०९००००** |

### छ) विज्ञापन कर

नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ ।तर संघीय कानुन अनुसार यो कर प्रदेश सरकारको निर्णय अनुसार स्थानीय तहले दर निर्धारण र संकलन गर्ने तथा प्रदेश कानुन अन,सार सोको बाँडफाँड हुने प्रावधान रहेको छ ।

स्थानीय तहले दर निर्धारण तथा संकलन गर्ने हुदा यहा यस करको सम्भावना विश्लेषण गरिएको छ ।

पूर्वकै सवैभन्दा ठुलो र विकसित शहर विराटनगर महानगरपालिका र सुनसरीको अर्को विकसित शहर इटहरी उपमहानगरपालिकाकोवीचमा यो नगरपालिका रहेको र ती नगरपालिकाहरुलाई जोड्ने सुविधासम्पन्न राजमार्ग समेत भएको कारण यस क्षेत्रमा विज्ञापन करको सम्भावना अधिक रहेको छ ।

विज्ञापन करको सन्दर्भमा नगरपालिकाले विभिन्न शर्तहरु सहित विज्ञापनका किसिम अनुसार करको दरहरु निर्धारण गरेको छ भने, ठेक्का विधिद्धारा यो कर संकलन गरिरहेको छ । यस आ.व. २०७४।७५कालागि रु. ३ लाख ५५ हजारमामा ठेक्का कायम भएको छ । विभिन्न छलफल तथा अवलोकनका आधारमा प्राप्त तथ्यांकका तथा नगर सभाले तय गरेको करका दरहरुको आधारमा विश्लेषण गर्दा देहाय बमोजिम विज्ञापन कर संकलन हुने सम्भावना एकिन गरिएको छ :

**तालिका ११: विज्ञापन कर सम्भावनाको गणना**

| क.सं. | विज्ञापन सामाग्री विवरण | अनुमानीत संख्या | औसत करको दर (प्रति व.फि. को आधारमा) | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|
| १ | साना बोर्ड (औषत ४ बर्ग फिट सम्म) | ३५० | २४० | ८४,००० |
| २ | मध्यम बोर्ड (औषत २५ बर्ग फिट सम्म) | १७५ | १,५०० | २६२,५०० |
| ३ | ठुलो बोर्ड (औषत २५ बर्ग फिट भन्दा माथी) | १०० | ३,५०० | ३५०,००० |
| ४ | व्यवसायिक भित्ते लेखन (औसत ५वर्ग फिट) | ७५० | १२५ | ९३,७५० |
| ५ | विद्युत/टेलिफोन पोलमा राखेको विज्ञापन सामाग्री प्रति पोल | १,००० | ६५ | ६५,००० |
| ६ | अन्य विज्ञापन सामाग्री | | | १००,००० |
| **जम्मा** | | | | **९५५,२५०** |

नगरपालिका आफैले प्रतक्ष्य रुपमा विज्ञापन कर संकलन गर्न प्रशासकीय रुपमा सहज नहुने भएको हुदा यस किसिको कर ठेक्का विधिद्धारा संकलन गर्नु उपयुक्त हुन्छ ।सामान्यतया कुल संभाव्यताको शतप्रतिशत रकम असुल गर्न नसकिने यथार्थतालाई ध्यानमा राख्दा कुल सम्भावनाको करिब ७५ प्रतिशत अर्थात् **करिब रु. ७ लाख १६ हजार**आगामि आ.व.मा संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**ज) अन्य कर**

***ज.१ व्यवसाय रजिष्ट्रेशन दस्तुर***

हालको कानुनी व्यवस्था अनुसार नगरपालिकाले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग जस्ता व्यवसायिक संघ संस्थाहरुको दर्ता, नविकरण गरि सो को दस्तुर संकलन गर्नसक्ने छ ।

***दर्ता तथा नविकरण दस्तुरको दर :***

- *स्थानीय तहहरुको गठन संगै नगरपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघसंस्थाहरु एकपटक नगरपालिकामा दर्ता भईसकेपछी अन्यत्र पुनः दर्ता हुनु पर्दैन ।*
- *नगर सभाले यस करको दर निर्णय नगरेकाले अध्ययनका क्रममा प्राप्त छलफल तथा सुझावका आधारमा औसत दर यहाँ प्रस्ताव गरिएको छ । व्यवसाय तथा संघसंस्थाहरु दर्ता भई सकेपछी वार्षिक रुपमा नविकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ ।*

प्राप्त तथ्यांकका आधारमा विश्लेषण गर्दा यस किसिमको करको संभावना देहायबमोजिमको रहेको छ :

**तालिका १२ : व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना**

| क.सं. | विवरण | प्रस्तावित दर | | अनुमानीत संख्या | सम्भाव्य दर्ता दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| | | दर्ता | नविकरण | | |
| १ | सहकारी संस्थाहरु | २,५०० | २५० | २७ | ६७,५०० |
| २ | ठुला उद्योग तथा कलकारखाना | २०,००० | २,००० | ३७ | ७४०,००० |
| ३ | मध्यम उद्योग | ७,५०० | ७५० | २२ | १६५,००० |
| ४ | साना उद्योग | १,००० | १०० | २७५ | २७५,००० |
| ५ | पेट्रोल पम्प | ५,००० | ५०० | ५ | २५,००० |
| ६ | सिनेमा हल | ३,५०० | ३५० | १ | ३,५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ठेक्का व्यवसायीहरु | ५,००० | ५०० | १५ | ७५,००० |
| ८ | ठुला व्यवसायहरु | ३,५०० | ३५० | ३७५ | १,३१२,५०० |
| ९ | अन्य व्यवसायहरु | ५०० | ५० | ३,००० | १,५००,००० |
| १० | फार्मेसी तथा भेटेनरी | १,००० | १०० | २७ | २७,००० |
| ११ | संस्थागत विद्यालयहरु | २,५०० | २५० | २२ | ५५,००० |
| १२ | कोचिङ तथा ट्युशन सेन्टर | १,००० | १०० | १० | १०,००० |
| १३ | घ वर्गका निर्माण व्यवसायीहरु | ५,००० | ५०० | २५ | १२५,००० |
| **जम्मा** | | **१,१४०** | **११४** | **३,८४१** | **४,३८०,५००** |

यस नगरपालिका क्षेत्रमा करिब ३८४१ वटा यस्ता संघ संस्थाहरु दर्ता हुने पर्ने र त्यस बापत जम्मा ४,३८०,५०० रुपैया राजश्व प्राप्तहुने सम्भावना भएता पनि आउने आ.व.मा करिब २६५० वटा (अर्थात् ७० प्रतिशत) संघसंस्थाहरु दर्ता हुने र सो बापत नगरपालिकालाई जम्मा ३,०६६,३५० राजश्व प्राप्त हुने अनुमान गरिएको छ भने त्यस पछि का आ.व.हरुमा न्यून संख्यामा संघसंस्थाहरु दर्ता हुदै जाने तथा अघिल्ला आ.व.हरुमा दर्ता भएकाहरु नविकरण हुदै जनेछन् ।

उल्लेखित सम्भावित रजिष्ट्रेशन दस्तुर बापतको आय सम्बन्धित व्यवसायिक संघ संस्था दर्ता गर्दाको आर्थिक वर्षमा दर्ता दस्तुर रकम मात्र संकलन हुने र त्यसपछिका आ.व.मा नविकरण गर्दा नविकरण दस्तुर प्राप्त हुने गर्दछ ।

### *ज.२ कवाडी कर*

दुहवी नगरपालिका क्षेत्रबाट विभिन्न किसिमका फलाम, सिसा, प्लास्टिक तथा कागज जन्य कवाडी वस्तुहरु उत्पादन हुने र विभिन्न व्यापारीहरुले संकलन गरि बिकी गर्ने गरेको पाईन्छ । नगर सभाले २०७४।७५का लागि कवाडी बस्तुको विकीमा प्रति ट्रक रु. २,५०० का दरले कर संकलन गर्ने निर्णय गरेको छ । तर पनि हाल सम्म यस बापत नगरपालिकाले कुनै रकम संकलन गरेको छैन ।

नगरपालिकाका विभिन्न स्थानहरुमा ४ वटा कवाडी वस्तुहरुका ठुला संकलन केन्द्रहरु रहेका छन् भने करिब १० वटा साना संकलन केन्द्रहरु रहेका छन् । ति साना संकलन केन्द्रहरुले पनि ठुला केन्द्रमा बेच्ने गरेका छन् । प्राप्त जानाकारी अनुसार दुहवी नगरक्षेत्रबाट मासिक करिब ५ ट्रक कवाडी वस्तुहरु संकलन भई बिकी हुने गरेको छ ।

उल्लेखित विश्लेषणका आधारमा हेर्दा नगरपालिकाले वार्षिक रु. १५०,००० (मासिक ५ ट्रक को रु. २,५०० का दरले) संकलन गर्न सक्ने देखिन्छ ।

नगरपालिकाले कवाडी वस्तुहरुको वर्गिकरण (फलाम, सिसा, प्लास्टिक तथा कागज आदी) का आधारमा करको दर तोक्नु पर्ने र संकलन हुने परिमाण यकिन गरि न्युनतम ठेक्का अंक निर्धारण गर्नु उपयुक्त हुन्छ ।

### झ) बहाल विटौरी शुल्क

नगरपालिका आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल विटौरी शुल्क संकलन गर्न सक्ने कानुनी प्रावधान रहेको छ ।

नगरपालिकाले नगर सभाबाट विभिन्न किसिमका हाट बजार तथा पसल करहरुको दर यकिन गरेको छ । यस नगरपालिका क्षेत्रका विभिन्न स्थलहरुमा सात वटै बार जम्मा २३ वटा हटिया लाग्ने गरको र तिमध्ये

केही हटियाहरुबाट ठेक्का विधिमार्फत् नगरपालिकाले रकम संकलन गर्दै आएको छ । त्यसै गरि नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा संचालित विभिन्न घुम्तिहरुबाट घुम्तिकर समेत संकलन गर्दै आईरहेको छ । विगत आर्थिक वर्षहरुको आय संकलनको प्रवृतिका आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा देहायबमोजिम बहाल विटौरी शुल्क संकलनहुने अनुमान गरिएको छ :

**तालिका १३ : बहाल विटौरी शुल्क सम्भावनाको गणना**

| क.सं. | विवरण | संभाव्य बहाल विटौरी शुल्क |
|---|---|---|
| १ | हाट बजार | १,५५०,००० |
| २ | स्वामित्वमा भएका जग्गाको प्रयोग बापत संकलन हुने (दहवी बजारको मुख्य भागमा नगरपालिकाको स्वामित्वमा रहेको ४ विघा मध्येको करिब २ विघा जग्गामा बनेका नीजि घर तथा व्यवसायहरु बाट) | २,५००,००० |
| **जम्मा** | | **४,०५०,०००** |

### ञ) सवारी पार्किङ शुल्क

नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क संकलन गर्न सक्दछ । दुहवी नगरपालिकाको सन्दर्भमा हेर्दा दुहवी बजार क्षेत्रमा सावरीको चाप बढ्दै गएको र जथाभावि सवारी साधन पार्किङ गर्ने अवस्था देखिएकाले पनि तत्कालै त्यस क्षेत्रमा व्यवस्थित पार्किङ स्थलको विकास गर्नुपर्ने आवश्यकता देखिन्छ । आगामी आ.व. सम्ममा नगरपालिकाले पार्किङ स्थलको छनौट गरि पार्किङ शुल्क संकलन गर्ने सम्भावनाका आधारमा आगामी आ.व.मा यस स्रोतबाट रु. २ लाख ५० हजार सम्म राजश्व संकलन हुने अनुमान गर्न सकिन्छ ।

### ट) भाडा तथा रोयल्टी

#### *ट.१) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय*

कुनै पनि सरकारी स्वामित्वका सम्पत्तीहरु बहालमा दिए बापत सो बाट बहाल रकम (भाडा तथा रोयल्टी) असुल गर्ने अधिकार नगरपालिकालाई प्रदान गरिएको छ । यस नगरपालिकाको स्वामित्वमा केही भवन तथा करिब ३५ विघा जग्गा रहेको छ । स्वामित्वमा रहेका सम्पुर्ण भवनहरु नगरपालिका कार्यालय तथा वडा कार्यालय संचालनमा प्रयोग भईराखेका छन् । त्यसै गरि केही जग्गाहरुमा नगरपालिकाको संरचना रहेको छ भने केही जग्गाहरुबाट नगरपालिकाले बहाल विटौरी संकलन गरिरहेको छ त केही जग्गाहरुभने विभिन्न सरकारी तथा अन्य निकायहरु (जस्तै खानेपानी उपभोक्त समिति, वन पैदावन, नेपाल टेलिकम, नेपाल विद्युत्त प्राधिकरण आदी) ले भोग चलन गरिरहेका छन् । नगरपालिकाको स्वामित्वमा डोजर, ट्रिपर तथा ट्रयाक्टरहरु समेत रहेका छन् । यस नगरपालिकाले तत्काल भाडा बापत निम्न रकम संकलन गर्नसक्ने सम्भावना रहेको छ :

**तालिका १४ : भाडा सम्भावनाको गणना**

| क.सं. | भाडा तथा बहाल संकलनका क्षेत्रहरु | हालको अवस्था | सम्भाव्य भाडा रकम | |
|---|---|---|---|---|
| | | | आ.व. २०७४।७५मा प्राप्त | सम्भाव्य रकम |

| क्र.सं. | भाडा तथा बहाल संकलनका क्षेत्रहरु | हालको अवस्था | सम्भाव्य भाडा रकम | |
|---|---|---|---|---|
| | | | आ.व. २०७४।७५मा प्राप्त | सम्भाव्य रकम |
| १ | डोजर भाडामा प्रयोग गर्न दिए बापट | हालै मात्र नगरपालिकाले डोजर संचालन कार्यविधि तयार गरि भाडामा दिने व्यवस्था गरेको । प्रति घण्टा रु. १८०० का दरले भाडामा दिई भाडा संकलन गरिरहेको । हाल मासिक औसत २२,५०० भाडा रकम संकलन हुने गरेको | | ३६०,००० |
| २ | वडा नं. ५ (ख) मा ७ वटा कित्ताहरुमा विभाजित करिब ९कट्ठा खेतियोग्य जग्गा | नगरपालिकाले ठेक्का आव्हान गरेको तर ठेक्का नलागेको । खेति योग्य जमिन भएकोले वार्षिक करिब १ लाख ५० हजारमा ठेक्का लाग्न सक्ने । | | १५०,००० |
| **जम्मा** | | | | **५१०,०००** |

### *ट.२) अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी (बालुवा विक्री)*

यस नगरपालिकाको क्षेत्राअधिकार भित्र पर्ने बुढी खोलाको वडा नं. १ स्थित प्रास्टुकी तथा वडा नं. १२ स्थित बुक डहरी स्थानबाट बालुवा उत्खनन तथा बिक्रीको सम्भावना रहेको छ। साविकको जिल्ला विकास समिति सुनसरीले बुढी खोलाको *IEE*गरि उक्त स्थानहरुको बालुवा बिक्रीका लागि ठेक्का लगाएको छ । जिसस सुनसरी ले गरेको *IEE* प्रतिवेदनमा उल्लेखित तथ्यांकका आधारमा विश्लेषण गर्दा देहाय बमोजिमको सम्भाव्य उत्खनन परिणाम रहेको देखिन्छ :

***नोट : बालुवा बिक्रीका सन्दर्भमा हाल सम्म नगर सभाले कुनै दर निर्धारण नगरेको हुदा चालु आ.व.का लागि जिल्ला समन्व समितिले निर्धारण गरेको बिक्री दर रु. २ (प्रति घ.फि.) अर्थात् रु. ७०.६३ (प्रति घ.मि.) नै यस अध्ययनका लागिप्रयोग गरिएको छ ।***

**तालिका १५ : बालुवा बिक्री सम्भावनाको गणना**

| क्र.स. | खोलाको नाम/स्थान | वार्षिक जम्माहुने परिमाण (घ.मि.) | संभाव्य बिक्री परिमाण (घ.मि.) | संभावित आय (रु.) |
|---|---|---|---|---|
| क. बुढी खोला | | | | |
| १ | वडा नं. १ स्थित प्रास्टुकी | १७,८५० | १५,८५० | १,११९,४८६ |
| २ | वडा नं. १२ स्थित बुक डहरी | २४,००० | २३,००० | १,६२४,४९० |
| जम्मा | | **४१,८५०** | **३८,८५०** | **२,७४३,९७६** |

नगरपालिकाले यसै चालु आ.ब.मा उक्त खोलाका बालुवा उत्खनन हुने स्थानहरुको *IEE*गरि बालुवा बिक्रीको ठेक्का प्रकृयामा जानु पर्ने देखिन्छ । यस बाट नगरपालिकाले आगामी आ.व.मा न्युनतम रु. २,७४३,९६३ लाख बालुवा बिक्री बापत रकम संकलन गर्न सक्ने अनुमान गरिएको छ ।

### ठ) अन्य सेवा शुल्क

नगरपालिकाले नगरवासी तथा सेवाग्राहीहरुलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरुप नगर सभाले विभिन्न सेवाहरुको शुल्कको दर निर्धारण गरि सेवा शुल्कहरु संकलन गरिरहेको छ । अघिल्ला आ.व.हरुमा संकलित आयको आधारमा नै आउने आ.व.मा संकलन हुन सक्ने रकमको अनुमान गरिएको छ ।

### ड) दस्तुरहरु

यस अन्तर्गत नगरपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरु गरेवापत लिईने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । नगरपालिकाले सिफारिश दस्तुरको दररेट नगर सभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरुमा रकम समेत संकलन गरिरहेको छ ।

नगरपालिकाको विगत तीन आयवर्षहरुको यथार्थ आयको आधारमा विश्लेषण गर्दा आन्तरिक आयमा दस्तुरको योगदान ३५.५२ प्रतिशत रहेको छ । दस्तुर अन्तर्गत पनि सबैभन्दा बढी नक्शापास तथा सिफारिश दस्तुरको योगदान उच्च रहेको छ । त्यसै गरि यसको औसत वार्षिक बृद्धि दर ९५ प्रतिशत रहेको छ । आ.व. २०७३।७४ मा दस्तुर बापत नरपालिकाले करिब रु. ७२ लाख १३ हजार आय संकलन गरेको छ ।

### ड.१) नक्शा पास दस्तुर

दुहवी नगरपालिकाले सम्पुर्ण नगरक्षेत्रमा नयाँ घर तथा भवन निर्माणका लागि नक्शा पास अनिवार्य गरेको छ । त्यसै गरि पुराना घरका सन्दर्भमा भने विगत ६ महिना देखि अभिलेखिकरणको व्यवस्था गरेको छ र पुराना घरहरुको अभिलेखिकरण गरि प्रमाण पत्र प्रदान गरिरहेको छ ।

हालसम्म यस नगरपालिकाले जम्मा ५२४ वटा आर.सि.सि. घरहरुको नक्शा पास गरेको छ जुन औसत १२०० वर्ग फिट का रहेका छन् । गत आ.व.मात्र २८६ वटा आर.सि.सि.घरहरुको नक्सा पास भएको र सो बापत २३,३७,९२९ रुपैया दस्तुर संकलन भएको देखिन्छ । यस अनुसार औसत नक्सा पास दस्तुर रु.८१७५ हुन आउछ । त्यसै गरि हालसम्म जम्मा ५२ वटा घर अभिलेखिकरण भएका छन् भने जसको औसत क्षेत्रफल करिब १००० वर्ग फिट रहेको छ ।नगरक्षेत्रमा करिब २५०० पक्कि घर तथा १२००० कच्चि घररहेको अनुमान छ ।

नगरसभाले नक्सा पास दस्तुर प्रति वर्ग फिट न्युनतम ४ र अधिकतम १५ रुपैयासम्म निर्धारण गरेको छ भने अभिलेखिकरण दस्तुर पक्कि घरको हकमा प्रति वर्ग फिट ३ र कच्चि घरको हकमा २ रुपैया निर्धारण गरेको छ ।

आगामी आ.व.मा हुन सक्ने घर नक्सा पास र अभिलेखिकरणको अनुमानीत संख्या र हाल संकलित दस्तुरको आधारमा गणना गरिएको औसत दर अनुसार देहायबमोजिम नक्सा पास दस्तुर संकलन हुने अनुमान गरिएको छ :

**तालिका १६ : नक्सा पास दस्तुर को सम्भावनाको गणना**

| क्र.सं. | विवरण | अनुमानीत संख्या | औसत दर (प्रति नक्सा/घर) | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|
| १ | घर नक्सा पास | ३५० | ८,१७५ | २,८६१,२५० |
| २ | अभिलेखिकरण | | | |
| | पक्कि घर | ५०० | ३,००० | १,५००,००० |

| | | | | |
|---|---|---|---|---|
| | कच्चि घर | ३,००० | १,००० | ३०,००,००० |
| **जम्मा** | | | | **७,३६१,२५०** |

### ढ) अन्य विविध आय

नगरपालिकाले विभिन्न किसिमका फारामहरु बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत् राखेको छ भने अन्य विविध आयमा दण्ड जरिवाना, पेश्की फिर्ता, बहाल आय तथा अन्य विविध आयहरु रहेका छन् । आगामी आ.व.को लागि यस स्रोतबाट हुन सक्ने आयको एकिन गर्दा यि आएको औसत वृद्धि दरलाई आधार मानिएको छ ।

# परिच्छेद – चार : राजस्व सुधार कार्य योजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको दुहवी नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगर कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने आधारमा नगरपालिकाको आगामी तीन आर्थिक वर्षहरुका लागि गरिएको राजस्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ४.१ राजस्व सुधार कार्य योजना

अध्ययनका क्रममा तयार पारिएको यस राजस्व सुधार कार्ययोजना नगर कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याउने तथा कार्य योजनाको आधारमा प्रक्षेपण गरिएको राजस्व अनुमानको आधारमा नगरपालिकाले आन्तरिक आय बृद्धि गर्ने विश्वास लिईएको छ । यस अध्ययनबाट तयार गरिएको राजस्व सुधार योजना देहाय बमोजिमको रहेको छ :

वर्तमान ऐन तथा कानुनका प्रावधानहरु, विगतका आयको प्रवृत्ती, विभिन्न कार्यशाला तथा छलफल तथा नगरवासीको आवश्यकता र चाहना पुरा गर्ने नगरपालिकाको प्रयासको आधारमा यस राजस्व सुधार कार्य योजना तयार पारिएको हो ।

नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको चरणमा नगरपालिकाको आयोजनामा परामर्शदाताद्धारा नगरपालिकाका कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरुको सहभागितामा दुईदिने कार्यशाला (जसको संक्षिप्त जानाकारी पहिलो परिच्छेदमा राखिएको छ)संचालन गरिएको थियो । कार्यशालामा नगरपालिकाको विभिन्न करका क्षेत्र, दर तथा दायराका विषयमा प्रस्तुती तथा छलफल भएको थियो । छलफल पश्चात्त सहभागीहरुद्धारा सामुहीक अभ्यास गर्दै राजस्व सुधारको मस्यौदा कार्ययोजना तयार गरि प्रस्तुत गर्नु भएको थियो । परामर्शदाताद्धारा उक्त समुहगत प्रारम्भिक कार्ययोजनामा केही आवश्यक सुधार सहित देहाय अनुसारको राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरियो ।

**तालिका १७ : राजश्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| **कर तथा गैह्न कर राजश्व** | | | |
| सम्पत्ति कर | - सम्पत्ति कर कार्यन्वयव सम्बन्धि अभिमुखीकरण कार्यक्रम गर्ने<br>- सम्पत्ति कर कार्यान्वयन कार्य विधि तयार गरि नगर सभाबाट पास गर्ने | २०७४ पौष मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजश्व परामर्श समिति<br>नगर सभा |
| | - सम्पत्ति कर लागू भएका नगरपालिकामा अवलोकन भ्रमण गर्ने (रुपन्देही र इटहरी उपमहानगरपालिका प्रस्तावित) | २०७४ चैत्र मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | - राजश्व शाखा अन्तर्गत रहने गरि सम्पत्ति कर इकाईको स्थापना तथा भौतिक सुविधा को व्यवस्था गर्ने | २०७५ बैशाख १ सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजश्व शाखा |
| | - असुल सुरु गर्नको लागि एकिकृत सफ्टवेयर र विलिंग प्रणाली शुरु गर्ने | २०७५ असार १५ सम्म | |
| | - बक्यौता मालपोत असुल गर्ने<br>- आ.व.२०७५।७६ देखि सम्पत्तिकर संकलन गर्ने | २०७५ श्रावण १ देखि | राजश्व शाखा<br>सम्पत्तिकर इकाइ<br>वडा कार्यलय |

| | | | |
|---|---|---|---|
| व्यवसाय कर | - व्यवसाय सम्बन्धी वास्तविक लगत संकलन गर्ने<br>- लगत अनुसार व्यवसायहरुको वर्गिकरण गर्ने ( कारोवार र पूँजीको आधारमा) | २०७४ चैत्र मसान्त सम्म | राजश्व शाखा<br>प्रशासन शाखा<br>वडा कार्यालयहरु |
| | - वर्गिकरण अनुसार करको दर समायोजन गर्ने | २०७५ ज्येष्ठ मसान्त सम्म | राजश्व परामर्श समिति |
| | - कर सप्ताहा मनाउने घुम्ती सिविर चलाउने ।<br>- दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने | २०७५ श्रावण देखि मासिक रुपमा | राजश्व शाखा<br>वडा कार्यालयहरु |
| | - निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | आ.व. २०७४/७५ भित्र | राजश्व परामर्श समिति<br>राजश्व शाााखा |
| घर वहाल कर | - घर तथा जग्गा वहालमा लगाउने घरधनीहरुको विवरण संकलन गर्ने ।<br>- घर तथा जग्गाको वहाल दर निर्धारण गर्ने | २०७५ आषाढ मसान्त सम्म | राजश्व शाखा<br>राजश्व परामर्श समिति |
| अन्य कर ( कवाडी कर) | - कवाडी संकलनको अवस्था र त्यसको परिणाम सम्बन्धी अध्ययन गर्ने | २०७४ चैत्र मसान्त सम्म | प्रशासन शाखा<br>राजश्व शाखा |
| | - करको दर पुनरावलोकन गरि संकलन परिमाण बस्तुको आधारमा करको दर निर्धारण गर्ने | २०७५ ज्येष्ठ मसान्त सम्म | राजश्व परामर्श समिति |
| | - कर संकलनका लागि वार्षिक ठेक्का लगाउने | २०७५ ज्येष्ठ मसान्त सम्म | प्रशासन शाखा<br>राजश्व शाखा |
| अन्य कर ( व्यवसाय रजिष्ट्रेसन दस्तुर) | - रजिष्ट्रेसन गर्नुपर्ने संघसंस्थाहरुको वास्तविक विवरण संकलन गर्ने<br>- प्रकृति अनुसार वर्गिकरण गरि कर दर्ता तथा नविकरण दस्तुर निर्धारण गर्ने | २०७५ आषाढ मसान्त सम्म | राजश्व शाखा<br>राजश्व परामर्श समिति |
| भाडा तथा रोयल्टी | - नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तीको विवरण संकलन गर्ने<br>- भाडा दर पुनरावलोकन गर्ने | २०७५ आषाढ मसान्त सम्म | राजश्व शाखा<br>राजश्व परामर्श समिति |
| | - बुढीखोलाको प्रास्टुकी र बुकडहरी नाकाको IEE गरि ढुङ्गा, गिट्टी, वालुवा उत्खनन सम्भाव्यता यकिन गर्ने<br>- बालुवा विकीको दर निर्धारण गरि ठेक्का लगाउने | २०७५ आषाढ मसान्त सम्म | प्रशासन शाखा<br>राजश्व परामर्श समिति<br>राजश्व शाखा |
| अन्य दस्तुर तथा सेवा शुल्क | - सेवा शुल्क लगायतका सिफारिस र प्रमाणीकरण दस्तुरको दरमा हेरफेर गर्ने र त्यसको जानकारी सवै नागरिकलाई दिने | २०७५असार मसान्त सम्म | राजश्व पारमर्श समिति |
| **नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | | |
| सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन | नगरपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्तिहरुको अभिलेखिकरण गर्ने, संरक्षण तथा सम्बर्द्धन गर्ने, सो को परिचालन संभाव्यता अध्ययन गरि परिचालन गर्ने । | २०७५ ज्येष्ठ मासन्त सम्म | नगर कार्यपालिका, वडा कार्यालयहरु |

| | | | |
|---|---|---|---|
| शहरी सुविधाको निर्माण, संचालन तथा व्यवस्थापनका | नगरपालिकाको दिर्घकालिन आय स्रोत हुने क्षेत्रहरुको सम्भाव्यता अध्ययन गर्ने (परामर्शदता मार्फत्)<br>- *पशुवधशाला (वडा नं. ४ को बुढी खोला नजिक)*<br>- *व्यापरिक कप्लेक्स (दुहवी बजार क्षेत्रमा नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा)*<br>- *पिकनिक स्पट सहितको सार्वजनिक पार्क तथा उद्यान  (वडा नं. ७ र ९ को सार्वजनिक जमिनमा)*<br>- *ईलेक्ट्रिक शवदाह गृह (वड नं. ४ र ५ को मालहड्डी क्षेत्रमा)*<br>- *बसपार्क (वडा नं. ४ को पशुहाट संगै)*<br>- *पार्किङ स्थल (हालको सिंचाई अफिस कार्यलय परिसरमा हुने गरि)*<br>- *थारु जातिको कला संस्कृती झल्किने संग्रालय सहितको होम स्टे (वडा नं. १ को प्रास्टुकी मा)* | २०७५ असार मासन्त सम्म | नगर कार्यपालिका<br>सम्बन्धित वडा कार्यालय<br>प्रशासन शाख<br>योजना तथा शहरी विकास शाखा<br>नीजि क्षेत्र |
| पहिचान झल्काउने प्रतिमा | ढुहवीलाई चिनाउने ढुहवी सुहवी माईको प्रतिमा राखी आन्तरिक तथा बाह्य पर्यटन अभिवृद्धि गर्ने साथै बालबालिकाको लागि खेल्ने बाटिका निर्माण | १ बर्ष भित्र | नगर कार्यपालिका, नगर सभा र सम्बन्धित वडा |
| **राजश्व प्रशासन** | | | |
| नितिगत व्यवस्था | राजश्व सुधार कार्ययोजना लगायत राजश्व ऐन तथा अन्य आवश्यक कार्यविधि तयार गरि नगर सभाबाट पास गर्ने | २०७५आषाढ मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत<br>राजश्व परामर्श समिति<br>नगर सभा |
| | प्रभावकारी राजस्व प्रशासनका लागि निम्न नीतिगत तथा संस्थागत व्यवस्था गर्ने :<br>एकद्वार प्रणालीमा आधारित कर संकलन प्रकृया<br>कम्प्युटर विलिङ्ग प्रणाली (सबै वडामा)<br>करदाता मैत्री कक्ष<br>कर सहुलियत तथा जरिवाना प्रणाली<br>करदाता शिक्षा कार्यक्रम | २०७५आषाढ मसान्त सम्म | नगर कार्यपालिका<br>राजस्व शाखा<br>प्रशासन शाखा |
| सांगाठनिक व्यवस्था | आवश्यक कर्मचारीहरु सहित राजश्व शाखाको गठन<br>राजश्व प्रशाासनका लागि आवश्यक भौतिक सुविधाहरु (कार्य स्थल, फर्निचर, कम्प्युटर, | २०७४ पौष मसान्त सम्म | नगर कार्यपालिका<br>आर्थिक प्रशासन शाखा |

| | | | |
|---|---|---|---|
| | सफ्फट्वेयर आदी) | | |
| सूचना तथा पारदर्शिता | नगरपालिकाका सम्पुर्ण क्रियाकलाप नियमित रुपमा सूचना पार्टी, वेभ साईट आदीमा राख्ने, नागरिक वडापत्रको व्यवस्था गर्ने, गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने, नियमित रुपमा कर्मचारी बैठक गर्ने । | प्रत्येक वर्ष | प्रमुख प्रशासकिय अधिकृत, वडा सचिवहरु |
| | सञ्चार माध्यमबाट कर तिर्ने प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने । | प्रत्येक तीन महिनामा | |
| अनुगमन | अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने । | प्रत्येक तीन महिनामा | नगर कार्यपालिका |
| सम्मान तथा पुरस्कार | "करदाता सम्मान तथा पुरस्कार" कार्यक्रमको शुरुवात गर्ने (नगर सभाको दिनमा पुरस्कृत गर्ने) | आ.ब. २०७५।७६ देखि | प्रशासन शाखा राजस्व शाखा |

## ४.२ राजस्व सुधार कार्य योजनाका आधारमा राजस्व प्रक्षेपण

माथी उल्लेखित राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई नगरपालिकाले संकलन गर्ने आगामी तीन अर्थिक वर्षहरु (आ.व. २०७५।०७६ देखि २०७७।०७८ सम्म) को आयको सम्भाव्यता लाई प्रक्षेपण गरिएको छ । यो आय अनुमान गर्दा राजस्व सुधार कार्य योजनामा योजना गरिएका कृयाकलापहरुको आधारमा तयार गरिएको हो । प्रक्षेपणकोलागि विगत बर्षमा रहेको राजस्व बृद्धि दर र राजस्व सुधार कार्य योजनाको कार्यान्वयले दायरा बढ्न गई सो बाट हुने योगदानको अनुमानलाई आधार लिईएको छ । नगरको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने बृद्धि, नगरपालिकाको सेवामा हुने बृद्धि र नागरिक संन्तुष्ठिमा बृद्धि, मुल्यांकन दरमा हुने बृद्धि, राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरुले राजस्व संकलनमा सुधार हुने भएतापनि सोलाई प्रक्षेपणमा समावेश गरिएको छैन । नगरपालिकाले यस प्रक्षेपणलाई भविश्यमा वार्षिक बजेट अनुमानको क्रममा मार्गदर्शनकोरूपमा लिन सक्दछ । प्रक्षेपण गर्दा हालको नगरपालिकाको समग्र क्षेत्र (साविक नगरपालिका तथा पछि गाभिएको गाविस) समेटीएको छ । राजस्व सुधार कार्य येजनाको आधारमा रहेर आय प्रक्षेपण देहायअनुशारका मान्यताहरुका आधारमा तयार पारिएको हो :

***सामान्य मान्यताहरु :***

- *नगरपालिकामा नयाँ क्षेत्र गाभिएसंगै आय संकलनको आधार (करको दायरा) स्वत: विस्तार भएको*
- *राजस्व सुधार कार्ययोजना कार्यान्वियन भए पश्चात्त नगरपालिकाको राजस्व प्रशासनमा सुधार आउने*
- *राजस्व प्रशासनमा सुधार आउनुले राजस्व संकलन प्रभावकारी हुने ।*

आ.व. २०७५/७६ मा अध्ययनका क्रममा प्राप्त नतिजाको आधारमा प्रक्षेपण गरिएको छ भने त्यसपछीका आ.व.हरुमा क्रमश: १० प्रतिशतले राजश्व बढ्दै जाने अनुमान गरिएको छ । (तर मालपोत करको हकमा भने बक्यौता रकम मात्रै संकलन हुने र क्रमश: घट्दै जाने भएकाले पछिल्ला आ.व.हरुमा ३३ प्रतिशत घट्दै जाने र व्यवसाय रजिष्ट्रेशन दस्तुर पनि ४० प्रतिशतले घट्दै जाने अनुमान गरिएको छ)। उल्लेखित प्रक्षेपणका आधारमा रही आगामी तीन आर्थिक वर्षहरुका लागि प्रक्षेपित आय देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १८: आगामी तीन आर्थिक वर्षहरुका लागि आय प्रक्षेपण (रु. हजारमा)**

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ | | | औसत बृदी दर (प्रतिशत) | प्रस्तावित आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
| **१००००** | **राजश्व तथा अनुदान** | ५४,४६५ | ६२,००८ | १२९,३६६ | ५४ | ३७८,००१ | ४७९,०४५ | ५४४,९८० | ५९७,९७८ |
| **११०००** | **कर** | ८,८०४ | ४,९५५ | ३,२२७ | (३९) | १५,४०५ | ३३,६६२ | ५५,०६० | ५९,०६५ |
| **११३००** | **सम्पत्ती कर** | ८,७८३ | ४,६२३ | ३,०४२ | (४१) | १४,८०० | २८,८५५ | ३०,८६१ | ३३,३६६ |
| **११३१०** | **अचल सम्पत्तीमा लाग्ने कर** | १,०२१ | ८४३ | १,३४३ | १५ | ४,८०० | १४,२३४ | १४,७७७ | १५,६७४ |
| ११३११ | व्यक्तिगत सम्पत्तीमा लाग्ने वार्षिक कर | १५ | ३३ | ८० | १३१ | १,१०० | | | |
| ११३१२ | संस्थागत सम्पत्तीमा लाग्ने वार्षिक कर | | | | | | | | |
| ११३१३ | एकीकृत सम्पत्ति कर | | | | | | १२,२३४ | १३,४५७ | १४,८०३ |
| ११३१४ | भूमी कर (मालपोत) | १,००६ | ८१० | १,२६३ | १२ | ३,७०० | २,००० | १,३२० | ८७१ |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | ६,७४१ | ३,१८३ | १,०७४ | (६०) | ६,५०० | ९,२९० | १०,२१८ | ११,२४० |
| ११३२१ | घर बहाल कर | २,२७० | | | | ४,७०० | ५,२४० | ५,७६३ | ६,३४० |
| ११३२२ | बहाल विटौरी शुल्क | ४,४७१ | ३,१८३ | १,०७४ | (५१) | १,८०० | ४,०५० | ४,४५५ | ४,९०१ |
| **११३५०** | **वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर** | १,०२१ | ५९७ | ६२५ | (२२) | ३,५०० | ५,३३२ | ५,८६५ | ६,४५२ |
| ११३५१ | व्यवसाय कर | १,०२१ | ५९७ | ६२५ | (२२) | ३,५०० | ५,३३२ | ५,८६५ | ६,४५२ |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | २१ | ३३२ | १८५ | १९७ | ६०५ | १,३९० | २१,९७४ | २४,१७१ |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | - | - | - | | - | - | - | - |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | | | | | | | |
| **११४२०** | **अन्तःशुल्क** | - | - | - | | - | - | - | - |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | | | | | |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | - | - | - | | - | - | - | - |
| ११४४२ | स्वास्थ्य सेवा कर | | | | | | | | |
| ११४४३ | शिक्षा सेवा शुल्क : शैक्षिक संस्था | | | | | | | | |
| ११४४४ | शिक्षा सेवा शुल्क : वैदेशिक अध्ययन | | | | | | | | |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी** | ७ | ३३१ | १८५ | ४१४ | ३०० | ६५४ | २१,१६४ | २३,२८० |

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ | | | औसत बृदी दर (प्रतिशत) | प्रस्तावित आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
| | **साधनमा लाग्ने कर** | | | | | | | | |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | ७ | ३३१ | १८५ | ४१४ | ३०० | ६५४ | २१,१६४ | २३,२८० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | | | | | |
| **११४७०** | **मनोरंजन कर** | **१४** | **१** | **-** | | **३०५** | **७३६** | **८१०** | **८९१** |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | | | | | | |
| ११४७२ | विज्ञापन कर | १४ | - | | | ३०० | ७१६ | ७८८ | ८६७ |
| ११४७३ | अन्य मनोरंजन कर | | १ | | | ५ | २० | २२ | २४ |
| **११६००** | **अन्य कर** | **-** | **-** | **-** | | **-** | **३,४१६** | **२,२२५** | **१,५२७** |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने** | **-** | **-** | **-** | | **-** | **३,०६६** | **१,८४०** | **१,१०४** |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | | ३,०६६ | १,८४० | १,१०४ |
| ११६१४ | रेडियो, एफ.एम. संचालन दस्तुर | | | | | | | | |
| **११६२०** | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | **-** | **-** | **-** | | **-** | **-** | **-** | **-** |
| ११६२१ | चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | | | | | | | | |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | **-** | **-** | **-** | | **-** | **२००** | **२२०** | **२४२** |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | | | | २०० | २२० | २४२ |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | | | | | | | |
| **११६९०** | **अन्य कर** | **-** | **-** | **-** | | **-** | **१५०** | **१६५** | **१८२** |
| ११६९१ | अन्य कर (कवाडी कर) | | | | | | १५० | १६५ | १८२ |
| **१३०००** | **अनुदान** | **३९,७९७** | **४७,६८७** | **१०२,५००** | **६०** | **३५५,३६१** | **४००,८९७** | **४४०,९८७** | **४८५,०८५** |
| **१३१००** | **द्विपक्षीय वैदेशिक अनुदान** | **-** | **-** | **-** | | **-** | **-** | **-** | **-** |

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ | | | औसत बृदी दर (प्रतिशत) | प्रस्तावित आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
| **१३११०** | **द्विपक्षीय वैदेशिक चालू अनुदान** | - | - | - | | - | - | - | - |
| १३१११ | द्विपक्षीय वैदेशिक चालू अनुदान | | | | | | | | |
| **१३१२०** | **द्विपक्षीय वैदेशिक पुंजीगत अनुदान** | - | - | - | | - | - | - | - |
| १३१२१ | द्विपक्षीय वैदेशिक पुंजीगत अनुदान | | | | | | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | - | - | - | | - | - | - | - |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | - | - | - | | - | - | - | - |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | - | - | - | | - | - | - | - |
| १३२२१ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | |
| १३२२२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | ३९,७९७ | ४७,६८७ | १०२,५०० | ६० | ३५५,३६१ | ४००,८९७ | ४४०,९८७ | ४८५,०८५ |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | ३९,७९७ | ४७,६८७ | १०२,५०० | ६० | ३५५,३६१ | ४००,८९७ | ४४०,९८७ | ४८५,०८५ |
| १३३११ | समानिकरण अनुदान | | | | | २५५,८६२ | २८१,४४८ | ३०९,५९३ | ३४०,५५२ |
| १३३१२ | शसर्त अनुदान | | १०,२७१ | ३०,००० | १९२ | ९९,४९९ | १०९,४४९ | १२०,३९४ | १३२,४३३ |
| १३३१३ | विषेश अनुदान | | | | | | | - | - |
| १३३१४ | समपुरक अनुदान | | | | | | | - | - |
| १३३१५ | अन्य अनुदान | ३९,७९७ | ३७,४१६ | ७२,५०० | ३५ | | १०,००० | ११,००० | १२,१०० |
| **१३३२०** | **अन्तरसरकारी पूँजीगत अनुदान** | - | - | - | | - | - | - | - |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | | | | | | | | |


| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ | | | औसत बृदी दर (प्रतिशत) | प्रस्तावित आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
| १३३२२ | विशेष पूँजीगत अनुदान | | | | | | | | |
| **१४०००** | **अन्य राजश्व** | **५,८६४** | **९,३६६** | **२३,६३९** | **१०१** | **७,२३५** | **४४,४८५** | **४८,९३४** | **५३,८२७** |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | **१,१०८** | **९१२** | **१,०००** | **(५)** | **-** | **८,२५४** | **९,०७९** | **९,९८७** |
| **१४११०** | **व्याज** | **-** | **-** | **-** | | **-** | **-** | **-** | **-** |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११२ | व्यापारिक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११३ | औद्योगिक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | | | | | | |
| **१४१२०** | **लाभांश** | **-** | **-** | **-** | | **-** | **-** | **-** | **-** |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२२ | व्यापारिक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२३ | औद्योगिक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२४ | सेवामुलक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | **-** | **-** | **-** | | **-** | **३,२५४** | **३,५७९** | **३,९३७** |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | | | ५१० | ५६१ | ६१७ |
| १४१५२ | क्यासिनोबाट प्राप्त रोयल्टी | | | | | | | | |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | | | | | | २,७४४ | ३,०१८ | ३,३२० |
| **१४१७०** | **राजश्व बाँडफाँडबाट प्राप्त आय** | **१,१०८** | **९१२** | **१,०००** | **(५)** | **-** | **५,०००** | **५,५००** | **६,०५०** |
| १४१७१ | वन रोयल्टी | | | | | | | | |
| १४१७२ | खानी रोयल्टी | १,१०८ | ९१२ | १,००० | (५) | | | | |
| १४१७३ | जलस्रोत रोयल्टी | | | | | | | | |

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ | | | औसत बृदी दर (प्रतिशत) | प्रस्तावित आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
| १४१७४ | पर्वतारोहण रोयल्टी | | | | | | | | |
| १४१७५ | पदयात्रा रोयल्टी | | | | | | | | |
| १४१७६ | पर्यटन सेवा शुल्क रोयल्टी | | | | | | | | |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | | | | | | ३,००० | ३,३०० | ३,६३० |
| १४१७८ | सवारी साधन कर | | | | | | | | |
| १४१७९ | अन्य बाँडफाँड हुने राजश्व | | | | | | २,००० | २,२०० | २,४२० |
| **१४२००** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **२,०८१** | **३,२६८** | **७,६३६** | **९२** | **४,१३५** | **१३,१८१** | **१४,४९९** | **१५,९४९** |
| **१४२१०** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **८१** | **२३६** | **३७५** | **११५** | **५५** | **१००** | **११०** | **१२१** |
| १४२११ | कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | | | | | | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | | | | | | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | ८१ | २३६ | ३७५ | ११५ | ५५ | १०० | ११० | १२१ |
| १४२१६ | निजी धारा बापतको शुल्क | | | | | | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | | | | | | |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | | | | | | | |
| १४२१९ | अन्य सेवा शुल्क | | | | | | | | |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | **१०५** | **२८** | **४८** | **(३२)** | **२००** | **४००** | **४४०** | **४८४** |
| १४२२१ | न्यायिक दस्तुर | | | | | | | | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | | | | | | |
| १४२२४ | परीक्षा शुल्क | | | | | | | | |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | | | | | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०५ | २८ | ४८ | (३२) | २०० | ४०० | ४४० | ४८४ |
| **१४२४०** | **दस्तुर** | **१,८९५** | **३,००४** | **७,२१३** | **९५** | **३,८८०** | **१२,६८१** | **१३,९४९** | **१५,३४४** |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | | | २५० | २७५ | ३०३ |

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ | | | औसत बृदी दर (प्रतिशत) | प्रस्तावित आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
| १४२४२ | नक्सापास दस्तुर | | १,९१८ | २,३४३ | २२ | २,८०० | ६,०८६ | ६,६९५ | ७,३६४ |
| १४२४३ | सिफारिश दस्तुर | १,८९५ | ८७६ | ७५९ | (३७) | ६०० | १,००० | १,१०० | १,२१० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | ३७ | | | ७५ | ८३ | ९१ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | ९ | १६ | ७८ | | २० | २२ | २४ |
| १४२४६ | मुल्यांकन दस्तुर | | | १,४५८ | | | ३,२५० | ३,५७५ | ३,९३३ |
| १४२४९ | अन्य दस्तुर | | २०१ | २,६०० | १,१९४ | ४८० | २,००० | २,२०० | २,४२० |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | **५२** | **५** | **३** | **(७६)** | **५०** | **५०** | **५५** | **६१** |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | **५२** | **५** | **३** | **(७६)** | **५०** | **५०** | **५५** | **६१** |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५२ | ५ | ३ | (७६) | ५० | ५० | ५५ | ६१ |
| **१४४००** | **अनुदान बाहेकको हस्तान्तरण** | - | - | - | | - | - | - | - |
| **१४४१०** | **चालु हस्तान्तरण** | - | - | - | | - | - | - | - |
| १४४११ | चालु हस्तान्तरण | | | | | | | | |
| **१४४२०** | **पूँजीगत हस्तान्तरण** | - | - | - | | - | - | - | - |
| १४४२१ | पूँजीगत हस्तान्तरण | | | | | | | | |
| **१४५००** | **विविध राजश्व** | - | - | - | | - | - | - | - |
| १४५१० | चालु दावी तथा अन्य शुल्कहरु | | | | | | | | |
| १४५११ | बीमा दावी प्राप्ती | | | | | | | | |
| **१४५२०** | **अन्य राजश्व** | **२,६२३** | **५,१८१** | **१५,०००** | **१३९** | **३,०५०** | **२३,०००** | **२५,३००** | **२७,८३०** |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | | | | | | | | |
| १४५२२ | साना सवारी कर | | | | | | | | |
| १४५२३ | लागत सहभागिता | १,५६२ | २,१७२ | १५,००० | २१० | | २०,००० | २२,००० | २४,२०० |
| १४५२९ | अन्य राजश्व (विविध आय) | १,०६१ | ३,००९ | | | ३,०५० | ३,००० | ३,३०० | ३,६३० |

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ | | | औसत बृदी दर (प्रतिशत) | प्रस्तावित आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
| **१४५३०** | **पूँजीगत राजश्व** | - | - | - | | - | - | - | - |
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय | | | | | | | | |
| **१५०००** | **बेरुजु** | - | - | - | | - | - | - | - |
| **१५१००** | **बेरुजु** | | | | | | | | |
| **१५११०** | **बेरुजु** | | | | | | | | |
| १५१११ | बेरुजु | | | | | | | | |
| **३३०००** | **दायित्व** | ३५५ | - | - | | - | - | - | - |
| **३३१००** | **आन्तरिक दायित्व** | ३५५ | - | - | | - | - | - | - |
| **३३१९०** | **खुद आन्तरिक ऋण** | ३५५ | - | - | | - | - | - | - |
| ३३१९१ | ऋण पत्र मार्फत् प्राप्त ऋण | | | | | | | | |
| ३३१९२ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | | | | | | | | |
| ३३१९३ | अन्य संघ संस्थाबाट प्राप्त ऋण | ३५५ | | | | | | | |
| **३३२००** | **वाह्य वित्तिय दायित्व** | - | - | - | | - | - | - | - |
| **३३२४०** | **खुद वैदेशिक ऋण** | - | - | - | | | - | - | - |
| ३३२४१ | वैदेशिक ऋणको प्राप्ति | | | | | | | | |
| | **जम्मा राजश्व, अनुदान तथा दायित्व** | ५४,८२० | ६२,००८ | १२९,३६६ | ५४ | ३७८,००१ | ४७९,०४५ | ५४४,९८० | ५९७,९७८ |

**रेखाचित्र २: नगरपालिकाको राजश्व प्रवृत्ती**



## ४.३ निष्कर्ष

दुहवी नगरपालिका नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ फाल्गुण २७ गतेको निर्णयअनुसार पुर्नसंरचना सहित गठन स्थानीय सरकारको रुपमा अधिकार प्राप्त गरेको छ । हालको परिवर्तित व्यवस्था अनुसार यस नगरपालिकाले राजश्व परिचालनका क्षेत्रमा गर्नुपर्ने कृयाकलापहरुको पहिचान र योजनाका साथमा अगामी आर्थिक वर्षहरुमा संकलन हुन सक्ने राजश्वको प्रक्षेपण यस प्रतिवेदनले समेटेको छ ।

सारांशमा राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात नगरपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ ।राजश्व बाँडफांडको प्रक्षेपण गर्दा हाल बाँडफाँड भई आएका स्रोतहरुको मात्र प्रक्षेपण गरिएको छ । यो प्रक्षेपण तयार गर्दा केन्द्र सरकार र स्थानीय सरकार बीच र प्रदेश सरकार र स्थानीय सरकार बीच राजश्व बाँडफाँड हुने नयाँ स्रोतहरुको आधार तयार नभएकोले त्यसलाई समावेश गरिएको छैन । त्यसैले भविश्यमा नगरपालिकाले राजश्व आयमा उल्लेख गरिए भन्दा बढी आय प्राप्तहुने अवस्था रहेको छ ।

**तालिका नं. १९: नगरपालिकाको आय संरचना (रु. हजारमा)**

| क.सं. | राजश्व शिर्षक | प्रस्तावित आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|
| | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
| १ | आन्तरिक आय | २,२६,४० | ७३,१४७ | ९८,४९४ | १०६,८४२ |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त आय | - | ५,००० | ५,५०० | ६,०५० |
| ३ | अनुदान | ३५,५३,६१ | ४००,८९७ | ४४०,९८७ | ४८५,०८५ |
| ४ | दायित्व | - | - | - | - |
| | **जम्मा** | **३७,८०,०१** | **४७९,०४५** | **५४४,९८०** | **५९७,९७८** |

नगरपालिकालाई राजश्व संकलन अधिकार उल्लेख्य रुपमा प्रदान गरिएता पनि दुहवी नगरपालिकाको दायरा अधिक देखिदैन । नगरपालिकाले आफ.नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गरेको देखिन्छ । सिमित साधन र श्रोतका कारण राजस्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजस्व बृद्धिमा योगदान पुर्‍याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी श्रोतहरुको संकलन तर्फ ध्यान दिनु उपयुक्त देखिन्छ । साथै राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकिकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ । नगरपालिकाले प्रभावकारी संकलनमा प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजस्वका शीर्षकहरु निम्नानुसार छन् :

- एकिकृत सम्पत्तिकर
- व्यवसाय कर
- घरजग्गा बहाल कर
- बहाल विटौरी शुल्क
- बालुवा बिकी रोयल्टी

उपरोक्त करको प्रभावकारी संकलनकालागि प्राथमिकताका आधारमा गर्नुपर्ने क्रियाकलापहरु निम्नानुसार छन् :

- आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजश्व शाखा गठन गर्ने ।
- एकिकृत सम्पत्तिकर लागु गर्ने ।
- तथ्यांक संकलन र अद्यावधिक गर्ने ।
- व्यवसाय कर संकलन का लागि उद्योग वाणिज्य संघ संग सम्न्वय गर्ने ।
- बहालमा भएका संरचना (करदाता)हरु लाई करको दायरामा ल्याउने ।

- बहाल विटौरी करका क्षेत्रहर यथार्थ तथ्यांक विश्लेषण गरि ठेक्का निर्धारण गर्ने ।
- परामर्शदाता मार्फत् बुढी खोला अन्तर्गत् पर्ने प्रास्टुकी र बुकडहरी नाकाको **IEE** अध्ययन गर्ने ।
- बालुवा बिक्रीको दर निर्धारण गरि आगामी आ.व.का लागि ठेक्का निर्धारण गर्ने ।

# अनुसूचीहरु

## अनुसूची १ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची

दुहवी नगरपालिका, सुनसरी

राजश्व सुधार कार्य योजना तर्जुमा

# तथ्यांक संकलन सूची

**गाउँ/नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

- संक्षिप्त परिचय :
    - नामांकरण
    - घरधुरी तथा जनसंख्या
    - क्षेत्रफल तथा वडा विभाजन
    - प्रशिद्ध स्थलहरु
- मुख्य पूर्वाधारको अवस्था
    - सडक, बाटो, पुल
    - बिजुली
    - खानेपानी तथा सिंचाई
    - सावर्जनिक भवन तथा पूर्वाधारहरु
    - फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)
- आर्थिक अवस्था र भौगोलिक बनोट
    - उद्योग, व्यवसाय तथा कलकारखाना
    - मुख्य व्यापारिक केन्द्रहरु
    - भौगोलिक अवस्थिती
    - प्राकृतिक तथा पर्यटकिय सम्पदा

**गाँउ/नगरपालिकाको संगठन तथा राजश्व प्रशासन :**

- हालको संगठन संरचना
    - निर्वाचित पदाधिकारीहरुको विवरण (संकलन गर्ने)
    - कर्मचारीहरुको विवरण (संगठन संरचना सहित संकलन गर्ने)

- राजश्व शाखा तथा राजश्व प्रशासन
    - राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
    - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
    - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
    - राजश्व सम्बन्धी डाटा वेस
    - राजश्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
    - कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग,
- भौतिक सुविधाहरु
    - कार्यालयका भवनहरु
    - सावरी साधन
    - फर्निचर, कम्प्युटर, प्रिन्टर

**गाँउ/नगरपालिकाको आय (आन्तरि तथा वाह्य) सम्बन्धी विवरणः**

- विगत तीन आर्थिक वर्षहरु (२०७१/७२, ०७२/७३ र ०७३/७४) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७४/७५) को अनुमानीत/बजेट विवरण
- चालु आर्थिक वर्षका लागि गाँउ/नगर सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

**अन्य दस्तावेज तथा सूचनाहरु**

- गाँउ/नगर सभाले पारित गरेको आर्थिक ऐन
- राजश्व संग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
- गाँउ/नगरपालिकाको बस्तुस्थिति विवरण (Profile)
- राजश्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरु

# तथ्यांक संकलन फारम

**१. गाउँ/नगरपालिकाका आयका स्रोतहरू तथा हालको अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | | | |
| | एकीकृत सम्पीत्त कर | | | |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | | | |
| | घर जग्गा बहाल कर | | | |
| | व्यवसाय कर | | | |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | | | |
| **ख.** | **अन्य राजश्व** | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | | | |
| | नक्सापास दस्तुर | | | |
| | व्यक्तिगत घटना दर्ता शुल्क | | | |
| | वहाल विटौरी शुल्क | | | |
| | पार्किङ्ग शुल्क | | | |
| | अस्पताल संचालन | | | |
| | फोहरमैला ब्यवस्थापन शुल्क | | | |
| | स्थानीय खानेपानी महसुल | | | |
| | स्थानीय विद्युत महसुल | | | |
| | केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | | | |
| | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवाशुल्क ( खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, | | | |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुल आदि | | | |
| | मूल्यांकन सेवा शुल्क | | | |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर ( एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | | | |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | | | |
| | दण्ड जरिवाना | | | |

**२: गाउँ/नगरपालिकाको स्वामित्व वा भोगचलनमा रहेका जग्गा**

| क.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ख | भोगचलनमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**३: गाउँ/नगरपालिकाको स्वमित्वमा रहेका भवन**

| क.सं. | स्थान | भवनको विवरण (कोठा समेत) | हालको उपभोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

*नोट : विवरण लेख्ने ठाउँ अपुग भएमा छुट्टै पानामा लेख्ने ।*

## ४: करमा आधारित सूचनाहरु

### क. सम्पत्ति कर सम्बन्धी विवरण

गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .................

आ.व. २०७३।७४मा कर तिर्ने करदाता संख्या : ................. संकलित रकम : ................

### ख. भवन सम्बन्धी विवरण

| क.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|
| १ | व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु *(नोटः व्यपारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजिविद्यालय तथा क्यापस आदी)* | | | |
| २ | औद्योगिक प्रयोजनका भवन/घरहरु | | | |
| ३ | आवासिय भवन/घरहरु | | | |
| ३.१ | *कच्ची घरहरु -कच्ची जोडाई तथा छाना)* | | | |
| ३.२ | *अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंकिट वा स्टिलको छाना भएका)* | | | |
| ३.३ | *पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)* | | | |
| ३.४ | *पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)* | | | |
| **जम्मा** | | | | |

### ग. जग्गा सम्बन्धी विवरण

| क.सं. | जग्गाको किसिम | स्थान | अनुमानीत जग्गाधनी | अनुमानित क्षेत्रफल | औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा) |
|---|---|---|---|---|---|
| १ | शहरी क्षेत्र | | | | |
| २ | आवासिय क्षेत्र | | | | |
| ३ | कृषी क्षेत्र | | | | |
| ४ | वन तथा अन्य क्षेत्र | | | | |
| **जम्मा** | | | | | |

### घ. सवारी साधन सम्बन्धी विवरण

गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .................

आ.व. २०७३।७४मा कर तिर्ने करदाता संख्या : ................. संकलित रकम : ................

| क.सं. | सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा तथा ई-रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

**ङ. व्यापार व्यवसाय सम्बन्धी विवरण**

नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .................

आ.व. २०७३।७४मा कर तिर्ने करदाता संख्या : ................. संकलित रकम : ................

| क्र.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्योग | | | | |
| २ | वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि) | | | | |
| ३ | ब्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय | | | | |
| ४ | डिलर तथा थोक विकेता | | | | |
| ५ | अन्य ब्यवसायहरु | | | | |

**छ. खानीजन्य वस्तु विकी तथा निकासी**

| क्र.सं. | उत्पादन/उत्खनन स्थल | बस्तुहरु | कुल उत्खनन योग्य परिणाम | विकी मुल्य | संभाव्य निकासी परिमाण |
|---|---|---|---|---|---|
| | | ढुङ्गा | | | |
| | | गिट्टी | | | |
| | | बालुवा | | | |
| | | ढुङ्गा | | | |
| | | गिट्टी | | | |
| | | बालुवा | | | |

*नोट : विवरण लेख्ने ठाउँ अपुग भएमा छुट्टै पानामा लेख्ने ।*

**ज. जडिबुटी, कवाडी र जिव जन्तु (ब्यवसायिक उपयोग)**

| क.सं. | बस्तुहरु | इकाई | कुल संकलन परिणाम | अनुमानित मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ख. | कवाडी जन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ग. | जिवजन्तु | | | |
| | | | | |
| | | | | |
| | | | | |

**झ. वहाल विटौरी**

| क.सं. | सम्पत्तिहरु | स्थान | इकाई | परिमाण | दर |
|---|---|---|---|---|---|
| क. | भवन तथा कोठाहरु | | | | |
| | | | | | |
| | | | | | |
| ख. | मेसिनहरु | | | | |
| | | | | | |
| | | | | | |
| ग. | सार्वजनिक सम्पत्ति | | | | |
| | | | | | |
| | | | | | |
| घ. | हाट बजार | | | | |
| | | | | | |
| | | | | | |

**ञ. गाउँ/नगरपालीकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका तथा सेवाग्राहीलाई उपलब्ध गराउने सेवा**

| क्र.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था ( आय) |
|---|---|---|---|---|---|
| १ | फोहर मैला व्यवस्थापन | | | | |
| २ | स्थानीय खानेपानी | | | | |
| ३ | बिजुली | | | | |
| ४ | धारा | | | | |
| ५ | अतिथि गृह | | | | |
| ६ | धर्मशाला | | | | |
| ७ | पुस्तकालय | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ति | | | | |
| ११ | सार्वजनीक शौचालय | | | | |
| १२ | पार्क | | | | |
| १३ | पौडी पोखरी | | | | |
| १४ | व्यायमशाला | | | | |
| १५ | पर्यटकिय स्थल | | | | |
| १६ | पशु बधशाला | | | | |
| १७ | शवदाह गृह | | | | |
| १८ | बसपार्क | | | | |
| १९ | अन्य पार्किङ्ग क्षेत्र | | | | |
| २० | सिफारिश तथा प्रमाणित | | | | |
| २१ | दर्ता, अनुमाति, नविकरण दस्तुर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | मूल्यांकन सेवा शुल्क | | | | |
| २३ | नक्सापास | | | | |
| २४ | अन्य ................. | | | | |
| | | | | | |
| **जम्मा** | | | | | |

**अनुसूची २ : प्रारम्भिक अभिमुखिकरणको कार्यक्रम तालिका तथा उपस्थिति विवरण**

## दुहवी नगरपालिका, सुनसरी

# राजस्व सुधार कार्य योजना तयारी

## प्रारम्भिक अभिमुखिकरण गोष्ठी कार्यक्रम

## १३ र १४ कार्तिक, २०७४

### कार्यक्रम तालिका

| समयावधी | क्रियाकलाप |
|---|---|
| **पहिलो दिन** | |
| ३० मिनेट | चिया नास्ता |
| २० मिनेट | कार्यक्रम शुभारम्भ (अध्यक्षता, परिचय, स्वागत मन्तव्य) |
| २० मिनेट | कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया |
| ३० मिनेट | कर, शुल्क तथा दस्तुर सम्बन्धी अवधारणा र सिद्धान्त |
| १५ मिनेट | चिया |
| १ घण्टा १५ मिनेट | स्थानीय तहको राजश्व अधिकार र परिचालन सम्बन्धी व्यवस्था |
| ४५ मिनेट | प्रभावकारी राजश्व प्रशासन र त्यसका पक्षहरु |
| | खाना |
| **दोस्रो दिन** | |
| ३० मिनेट | चिया नास्ता |
| २० मिनेट | राजश्व सुधार कार्ययोजना |
| १ घण्टा १५ मिनेट | राजश्व सुधार कार्ययोजना मस्यौदाका लागि समुह विभाजन तथा समुह कार्य<br>*समूह १. राजश्वका शिर्षकगत दर निर्धारण*<br>*समूह २. कर राजश्व सुधार योजना*<br>*समूह ३. अन्य राजश्व सुधार योजना*<br>*समुह ४. राजश्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)* |
| १५ मिनेट | चिया |
| १ घण्टा | समुहकार्य प्रस्तुति तथा सुझाव संकलन |
| ३० मिनेट | तथ्यांक संकलनको फारम प्रस्तुती |
| २० मिनेट | कार्यक्रम समापन |
| | खाना |

## उपस्थिति विवरण

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | बेद नारायण गच्छदार | नगर प्रमुख |
| २ | सुनिता दाहाल (साह) | नगर उप प्रमुख |
| ३ | अर्जुन प्रसाद निरौला | प्रमुख पशासकिय अधिकृत |
| ४ | मोहम्मद अजुल हुसैन | अध्यक्ष, वडा नं. १ |
| ५ | अरविन्द विश्वास | अध्यक्ष, वडा नं. २ |
| ६ | राजन कुमार बस्नेत | अध्यक्ष, वडा नं. ४ |
| ७ | रमेश कुमार रौनियार | अध्यक्ष, वडा नं. ५ |
| ८ | मुन्ना हलुवाई | अध्यक्ष, वडा नं. ६ |
| ९ | विजय कु. चौधरी | अध्यक्ष, वडा नं. ७ |
| १० | तारिक चन्द सरदार | अध्यक्ष, वडा नं. ८ |
| ११ | छेदी लाल चौधरी | अध्यक्ष, वडा नं. ९ |
| १२ | लघु राम माझी | अध्यक्ष, वडा नं. १० |
| १३ | शंकर लाल खाँ थारु | अध्यक्ष, वडा नं. ११ |
| १४ | खुशी लाल चौधरी | अध्यक्ष, वडा नं. १२ |
| १५ | सति कुमार चौधरी | का.वा. वडा अध्यक्ष |
| १६ | करियोदेवि उराव | कार्यपालिका सदस्य |
| १७ | अनिता देवी हलुवाई | कार्यपालिका सदस्य |
| १८ | ललिता चौधरी | कार्यपालिका सदस्य |
| १९ | अरुण देवि पासवान | कार्यपालिका सदस्य |
| २० | अन्जिरा देवि साह | कार्यपालिका सदस्य |
| २१ | हितेश कुमार अग्रहरी | कार्यपालिका सदस्य |
| २२ | धनेश कुमार दत्त | कार्यपालिका सदस्य |
| २३ | जैनव खातुन | महिला वडा सदस्य |
| २४ | अहिल्या विश्वकर्मा | महिला वडा सदस्य |
| २५ | मैना राई | महिला वडा सदस्य |
| २६ | सुगिया रिषिदेव | महिला वडा सदस्य |
| २७ | पवनी देवि पासवान | दलित महिला सदस्या |
| २८ | कैलाश कु. चौहान | लेखा अधिकृत |
| २९ | सिताराम ढकाल | बाली संरक्षण अधिकृत |
| ३० | हेम नारायण माझी | ईन्जिनियर |
| ३१ | राम कुमार यादव | ईन्जिनियर |
| ३२ | कर्ण प्रसाद अधिकारी | ना.सु. |
| ३३ | हरि कुमार थापा | ना.सु. |
| ३४ | कालिदास भट्टराई | ना.सु. |
| ३५ | जानकी प्रसाद अधिकारी | ना.सु. |
| ३६ | बाबुराम ढकाल | ना.सु. |

| क.सं. | नाम | पद |
|---|---|---|
| ३७ | कुमार बराल | ना.सु. |
| ३८ | डम्बर बहादुर बजागाई | वडा सचिव |
| ३९ | दुलार चन्द हजारी | खरिदार |
| ४० | शिव नारायण चौधरी | खरिदार |
| ४१ | दुलार चन्द हजारी | खरिदार |
| ४२ | उचीत नारायण साहु | सह संयोजक, स्वास्थ्य |
| ४३ | परशुराम माझी | स.ले.प. |
| ४४ | अविनास गोसाई | सव ईन्जिनियर |
| ४५ | विनिता राजभण्डारी | कम्प्युटर अपरेटर |
| ४६ | चित्रलता गच्छदार | कम्प्युटर अपरेटर |
| ४७ | कुमारी सुन्दास | कार्यालय सहायक |
| ४८ | अनिल मल्लिक | कार्यालय सहायक |
| ४९ | प्रणय शर्मा | एल.जि.सि.डि.पि. |
| ५० | गुरु प्रसाद सुवेदी | सहजकर्ता |
| ५१ | दामोदर गिरी | सहजकर्ता |

## अनुसूची ३ : स्थानीय तहको नमूना राजश्व ऐन

**"दुहवी गरपालिकाको राजश्व ऐन, २०७४"**

***(नमूना)***

सभाबाट स्वीकृत मितिः .................

**प्रस्तावना :** स्थानीय तहलाई प्राप्त राजश्व अधिकारको व्यवस्थालाई पारदर्शि, न्यायोचित, व्यवस्थित तथा प्रभावकारी रुपमा लागु गरी नागरिकलाई सेवा प्रवाह गर्न सक्ने क्षमतामा सुधार ल्याउन बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम दुहवी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद - १

### परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम र प्रारम्भ :**(१) यस ऐनको नाम "दुहवी नगरपालिकाको राजश्व ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान लाई जनाउँछ ।
(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।
(ग) "सभा" भन्नाले गाउँसभा/नगरसभालाई जनाउँछ ।
(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधीले तोकिए बमोजिमलाई जनाउँछ ।
(ङ) "वडा कार्यालय" भन्नाले वडा समितिको कार्यालयलाई जनाउँछ ।
(च) "स्थानीय तह" भन्नाले दुहवी नगरपालिकालाई जनाउँछ ।
(छ) "राजस्व" भन्नाले संविधान तथा प्रचलित कानून बमोजिम स्थानीय तहले उठाउने कर तथा गैरकर सम्बन्धी रकमलाई जनाउँछ र यस शब्दले स्थानीय तहले संघ वा प्रदेश वा अन्य स्थानीय तहबाट प्राप्त हुने राजस्व बाँडफाँड बापतको रकमलाई समेत जनाउँनेछ ।

### परिच्छेद - २

### स्थानीय राजश्व प्रशासन सम्वन्धी सामान्य व्यवस्था

३. **संगठनात्मक व्यवस्था :** (१) स्थानीय तहले राजश्व प्रशासनकोलागि आफ्नो संगठन संरचनामा राजश्व शाखा वा महाशाखाको स्पष्ट व्यवस्था गरी कार्यबोझ विश्लेषण समेतका आधारमा आवश्यक कर्मचारी दरवन्दी सिर्जना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने राजश्व महाशाखा वा शाखाको काम कर्तब्य अधिकार निम्न अनुसार हुनेछ ।

(क) राजश्व नीति तर्जुमा तथा आय अनुमान सम्वन्धी कार्य,
(ख) करदाताको पहिचान गरी करका आधारहरुको अभिलेख,
(ग) मुल्यांकन गरी कर निर्धारण,
(घ) करदातालाई तिर्नुपर्ने कर रकमको जानकारी दिने,
(ङ) राजश्व संकलनमा साझेदारी सम्वन्धी कार्य,

(च) राजश्व संकलन, दाखिला, अभिलेख तथा प्रतिवेदन तयारी,
(छ) वाँडफाँड हुने राजश्व संकलन तथा तोकिएको कोषमा दाखिला,
(ज) राजश्व वाँडफाँडवाट प्राप्त हुने रकमको प्राप्ती र स्थानीय तहको कोषमा दाखिला,
(झ) अनुदान तथा ऋण रकम प्राप्ती र सोको अभिलेख,
(ञ) राजश्व सम्वन्धी अभिलेखहरु सुरक्षित राख्ने,
(ट) स्थानीय तहले जिम्मेवारी दिएका अन्य कार्य ।

(३) राजश्व महाशाखा वा शाखा प्रमुखले आफु मातहतका कर्मचारीहरुको परिचालन गरी प्रमुख प्रशासकिय अधिकृतप्रति उत्तरदायी भई कार्य गर्नेछ ।

४. **मापदण्ड, आचार संहिता :** (१) स्थानीय तहले राजश्व प्रशासनको मापदण्ड, कर्मचारीहरुको आचार संहिताको निर्धारण, कर्मचारीहरुको कार्य अनुगमन, प्रोत्साहन, कारवाही प्रकृया जस्ता विषयमा विनियमावली वनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको विनियमावलीमा कर्मचारीले आफ्नो पदीय कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको काम कारवाहीका लागि सजायको भागिदार हुन नपर्ने व्यवस्था स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

५. **करदाताको पहिचान सम्वन्धी व्यवस्था :**(१) स्थानीय तहको राजश्व प्रशासनले करदाताको पहिचान गरी सो को अभिलेख अद्यावधिक राख्नु पर्नेछ । यसको लागि तल उल्लिखित दुई विधि मध्ये कुनै एक विधि वा मिश्रित विधि अवलम्वन गर्न सकिनेछ ।

(क) करदातालाई नै परिचय सहित कर लाग्ने आधारको विवरण बुझाउन लगाई सो को आधारमा कर लगत तयारी तथा अद्यावधिक गर्ने ।
(ख) स्थानीय कर प्रशासनले करदाता सम्वन्धी सूचना संकलन गरी सोको आधारमा कर लगत तयारी तथा अद्यावधिक गर्ने ।

(२) राजश्व प्रशासनले उपदफा (१) बमोजिम राजश्व सम्वन्धी विवरण संकलन गरे पश्चात करदातालाई दर्ता गरी निश्चित पहिचान नम्वर प्रदान गरी सोही पहिचान नम्वरको आधारमा राजश्व सम्वन्धी व्यक्तिगत अभिलेख राख्नु पर्नेछ ।

६. **विवरण दाखिला गर्ने :**(१) स्थानीय तहले दफा ५ उपदफा (१)(क) वमोजिम विवरण संकलनको लागि करदाताहरुलाई आह्वान गरेको अवस्थामा आफ्नो परिचय सहित राजश्व लाग्ने आधारको विवरण उपलब्ध गराउने दायित्व करदाताहरुको हुनेछ ।

(२) राजश्व प्रशासनले उपदफा (१) बमोजिम करदाताले बुझाएको विवरणमाथि थप अनुसन्धान तथा छानविन गर्न सक्नेछ ।

७. **विजक जारी गर्ने :** (१) स्थानीय तहले बार्षिक रुपमा बुझाउनु पर्ने राजश्वको हकमा आर्थिक बर्ष शुरु भएको चार महिनाभित्र र मासिक रुपमा बुझाउनु पर्ने राजश्वको हकमा महिना शुरु भएको सात दिनभित्र राजश्व रकम निर्धारण गरी सम्वन्धित करदाताको नाममा विजक जारी गरी अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख अद्यावधिक गर्दा सम्वन्धित राजश्व शिर्षकको कुल विलिङ्ग रकम, असुल भएको रकम र असुल गर्न वाँकी रकम खुल्ने अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अभिलेख राख्ने कार्यको लागि स्थानीय तहले सकेसम्म विद्युतिय प्रणालीको अवलम्वन गर्नु पर्नेछ ।

८. **<u>भुक्तानी गर्नुपर्ने रकमको जानकारी दिने :</u>**(१) स्थानीय तहले निर्धारण गरेको कर, शुल्क, महसुल आदि रकम भुक्तानी गर्नको लागि कम्तिमा १ महिनाको समय दिई सम्वन्धित करदातालाई सूचना दिनु पर्नेछ ।

(२) स्थानिय तहले निर्धारण गरेको राजश्व कर रकममा चित्त नबुझेमा प्रशासनिक पुनरावलोकनको लागि सम्वन्धित करदाताले ३५ दिन भित्र सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

९. **<u>कर संकलन :</u>**(१) करदाताले सम्बन्धित स्थानीय तहबाट निर्धारण गरिएको राजश्व रकम स्थानीय तहले तोकेको स्थानमा बुझाई राजश्व बुझाएको नगदी रसिद लिनु पर्नेछ ।

(२) करदाताले स्थानीय तहलाई बुझाउनु पर्ने राजसव नगद, चेक तथा विद्युतिय माध्यमवाट भुक्तानी गर्न सक्नेछ । तर, स्थानीय तहले करदाताले बुझाएको रकम कोषमा जम्मा भएपछि मात्र नगदी रसिद जारी गर्नेछ ।

(३) करदाताले तिर्नुपर्ने राजश्व रकमभन्दा कुनै कारणले बढी भुक्तानी गरी पछि फिर्ता माग गरेमा स्थानीय तहले बढी जम्मा भएको रकम तुरुन्त फिर्ता दिनु पर्नेछ । यस्तो बढी असुल भएको रकम सम्वन्धित खर्च शिर्षक वा अन्य विविध खर्च शिर्षकवाट भुक्तानी दिनु पर्नेछ ।

(४) कर बुझाउने दायित्व भएको कुनै करदाताले अन्य कुनै दोस्रो पक्षसंग स्थानीय तहलाई कानून बमोजिम लाग्ने कर बुझाउने दायित्व समेत निजकै हुने गरी संझौता गरेको अवस्थामा संझौता अनुसार भएको कारोवारमा दोस्रो पक्षले राजश्व भुक्तानी नगरेमा यस्तो राजश्व भुक्तानी गर्ने अन्तिम दायित्व सम्बन्धित करदाता कै हुनेछ ।

(५) स्थानीय तहको राजश्व बक्यौता भएको ब्यक्ति वा संस्थालाई स्थानीय तहले कुनै किसिमको भुक्तानी दिने वा प्रतिनिधिको रुपमा छनोट गर्ने छैन ।

(६) स्थानीय तहको राजश्व वक्यौता राख्नेलाई स्थानीय तहले प्रदान गर्ने अत्यावस्यक सेवा वाहेक अन्य सेवा रोक्का राख्न सक्नेछ ।

(७) करदाताले स्थानीय तहलाई भुक्तानी गर्नुपर्ने राजश्व भुक्तानी नगरेमा त्यस्तो ब्यक्ति वा संस्थाको सम्पत्तिको कारोवार रोक्का गर्न वा सरकारी वाँकी असुली प्रकृया अनुसार सम्पत्ति लिलाम गरी असुल उपर गर्न सक्नेछ ।

(८) करदाता टाट पल्टीएको वा मृत्यु भई निज वा निजको हकवालाको नाममा कुनै सम्पत्ति वाँकी नभएको प्रमाणित भएमा स्थानीय तहको सभाले निर्णय गरी त्यस्तो बक्यौता राजश्व मिनाहा गर्न सक्नेछ ।

१०. **<u>दण्ड जरिवाना :</u>**(१) स्थानीय तहले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) जरिवानाको दर भुक्तानी वाँकी रकमको न्यूनतम वार्षिक १५ प्रतिशत देखि अधिकतम ५० प्रतिशत सम्म हुनेछ ।

(३) स्थानीय तहले माग गरे बमोजिम राजश्व सम्वन्धी विवरण तोकिएको समय भित्र दाखिला नगरेमा जरिवाना लिन सक्नेछ । यस्तो जरिवानाको दर न्यूनतम रु एकसय देखि अधिकतम रु दुई हजारसम्म हुनेछ ।

(४) करदाताले राजश्व छल्ने उद्देश्यले झुटा वा भ्रमपूर्ण विवरण पेश गरी राजश्व भुक्तानी गरेको पाईएमा पुन राजश्व निर्धारण पछि हुन आउने थप रकमको २०० प्रतिशतका दरले जरिवाना लिई राजश्व असुल गरिनेछ ।

(५) स्थानीय तहले निर्धारण गरेको कानूनी ब्यवस्था कसैले पालना नगरेमा दण्ड जरिवाना लगाई असुल उपर गर्न सक्नेछ । स्थानीय तहले असुल गर्ने दण्ड जरिवानाको दर सम्बन्धित स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

**११.** **छुट :**(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र राजश्व बुझाएमा लाग्ने राजश्वको १० प्रतिशत र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको ७ दिन भित्र राजश्व बुझाएमा त्यस्तो कादातालाई लाग्ने राजश्वको ५ प्रतिशत छुट दिईनछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाहरुका सम्पत्ति, वस्तु तथा कारोवारमा कर लिन पाईने छैन ।

**स्पष्टीकरण**: *लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोको आंगिक कलेज, सरकारी वा सामुदायिक विद्यालय, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।*

(३) विशेष परिस्थितिको कारणले करदाताले तोकिएको म्यादभित्र कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको कारण खुलाई सम्बन्धित कार्यपालकाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

**स्पष्टीकरण:***विषेश परिस्थिति भन्नाले प्राकृतिक प्रकोप, आन्तरिक तथा वाह्य द्वन्द आदि कारणले भएको क्षतिलाई सम्झनु पर्दछ ।*

(४) कानूनमा ब्यवस्था भएको अवस्थामा वाहेक स्थानीय तहको कुनै निकाय वा पदाधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

**१२.** **प्रशासकीय पुनरावलोकन र पुनरावेदन :**(१) करदाताले स्थानीय तहले निर्धारण गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना रकममा चित्त नबुझेमा अध्यक्ष वा प्रमुख समक्ष प्रशासकिय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकिय पुनरालोकनको लागि निवेदन प्राप्त भएको ३५ दिन भित्र निवेदन माथि छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(३) प्रशासकिय पुनरावलोकनको लागि सम्वन्धित कार्यपालिकाको कुनै एक सदस्यको अध्यक्षतामा तीन सदस्यीय राजश्व प्रशासकिय पुनरावलोकन समिति गठन गर्नुपर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता हुने छैन ।

(४) स्थानीय तहले तोकिएमा समयमा प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा स्थानीय तहले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ ।

(५) करदातालई स्थानीय तहले यस दफा बमोजिम गरेको प्रशासनिक पुनरालोकनमा चित्त नबुझेमा निजले राजश्व न्यायधिकरण वा सम्बन्धित अदातलमा कानूनी उपचारको लागि निबेदन दिन सक्नेछ ।

## परिच्छेद - ३

## स्थानीय तहको कर सम्वन्धी विशेष व्यवस्था

१३. **एकीकृतसम्पत्ती कर :**(१) एकीकृत सम्पत्ती करको दायराभित्र स्थानीय तहको अधिकार क्षेत्रभित्रको कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत गरी कायम गरिएको कुल मूल्यांकन रकम पर्दछ ।

(२) उपदफा (१) बमोजिम लाग्ने एकीकृत सम्पत्ती करको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) स्थानीय तहबाट एकीकृत सम्पत्तीकर लागू गर्ने निर्णय भइसकेपछि सो आर्थिक वर्षदेखि भुमिकर (मालपोत) उठाउन पाइने छैन । तर, गुठी संस्थानवाट उठाइने मालपोत उठाउन यस व्यबस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

(४) उपनियम (२) बमोजिम कर लगाउने प्रयोजनको लागि स्थानीय तहले जग्गा तथा संरचनाहरुको विवरण तयार गरी मूल्यांकन दर निर्धारण गर्नु पर्नेछ । मूल्यांकन दर निर्धारण देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) जग्गा तथा संरचनाको न्यूनतम मूल्याकंन दर सिफारिशका लागि स्थानीय तहको प्रमुख वा अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको कुनै एक सदस्यको अध्यक्षतामा दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मूल्यांकन समिति गठन गर्नेछ ।

(ख) चलन चल्तीको दरलाई आधार लिई जग्गाको न्यूनतम मूल्यांकन दर निर्धारण गर्नु पर्दछ । यसकोलागि जग्गाको मूल्य तथा महत्वमा आधारमा क्षेत्र विभाजन गरी त्यस क्षेत्रमा पर्ने सबैभन्दा कम चलन चल्तीको मूल्य भएको जग्गालाई आधार लिई न्यूनतम मूल्यांकन दर निर्धारण गर्नु पर्नेछ ।

(ग) संरचनाको बनोट तथा प्रयोजनको आधारमा संरचनाको प्रति बर्ग फिटका दरले संरचनाको मूल्यांकन दर निर्धारण निर्धारण गर्नु पर्नेछ ।

(घ) संरचनाको ह्रास कट्टी दर संरचनको वनोटको आधारमा प्रत्येक तिन बर्षमा ६ देखि २० प्रतिशत सम्म हुनेछ । संरचना जतिसुकै पुरानो भएतापनि मूल्यांकनको १० प्रतिशत शेष मूल्य कायम गरी मूल्यांकन गरिनेछ ।

(ङ) निर्धारण भएको मूल्यांकन दर तिन आर्थिक बर्षसम्म परिवर्तन हुने छैन ।

(च) कुनै करदाताको सम्पत्ती भूकम्प, बाढी, पहिरो, आगलागीजस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा प्राप्त निवेदनका आधारमा जाँचबुझ गरी प्रमाणित भएमा त्यस्तो क्षतिभएको सम्पत्तिको मूल्य घटाई कर लगाउन योग्य मूल्य निर्धारण गर्नु पर्नेछ ।

(छ) एकीकृत सम्पत्ति करको लागि कायम गरिएको मूल्यांकनलाई घरजग्गा रजिश्ट्रेशन वा सम्पत्ति मूल्यांकन सिफाशिसको आधार मानी मूल्यांकन गर्न सकिनेछ ।

(५) जग्गाको स्वामित्व भएको आधिकारिक प्रमाण नभएमा त्यस्तो जग्गाको एकीकृत सम्पत्ति कर लिईने छैन । आधिकारिक प्रमाणको हकमा सम्पत्ति धनीले जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल खुलेको प्रमाण कागजात पेश गर्नुपर्नेछ ।

(६) स्वामित्वको आधिकारिक प्रमाण नभएका जग्गामा पक्की संरचना निर्माण गरी बसोवास गरेका व्यक्तिले यस दफा बमोजिम संरचनाको मूल्यका आधारमा एकीकृत सम्पत्ति कर बुझाउनु पर्नेछ । तर, यसरी एकीकृत सम्पत्ति कर बुझाएको आधारमा मात्र त्यस्तो संरचना निर्माण भएको जग्गाको स्वामित्व कायम भएको मानिने छैन ।

(७) कर नलाग्ने निकायको स्वामित्वमा रहेको जग्गामा एकीकृत सम्पत्तीकर लाग्ने कुनै व्यक्ति, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनाको एकीकृत सम्पत्तीकर बुझाउने दायित्व सम्बन्धित निर्माणकर्ताको हुनेछ ।

(८) जग्गाको मूल्यांकन गर्दा सामान्यतः करदाता स्वयंले पेस गरेको मूल्यांकनदरका आधारमा गरिनेछ । तर, करदाताले पेस गरेको मूल्यांकनको दर स्थानीय तहले तोकेको न्यूनतम दरभन्दा कम भएमा स्थानीय तहले तोकेको न्यूनतम मूल्यांकनदर अनुसार मूल्यांकन गरिनेछ ।

(९) एउटै जग्गा धनिको नाममा रहेका सिमाना जोडिएका कित्ताहरुको मूल्यांकन गर्दा त्यस्तो जग्गाहरु मध्ये कुनै कित्ताले सडक छोएको रहेछ भने सम्पूर्ण जग्गालाई एउटै प्लट मानी मूल्यांकन गरीनेछ । तर यसरी मूल्यांकन गरिने जग्गाको सडकले छोएको जग्गाको अधिकतम लम्वाईको सिमा मूल्यांकन समितिले तोके बमोजिम हुनेछ ।

(१०) एकीकृत सम्पत्तीकर नलाग्ने भनी तोकिएका निकायका सम्पत्तीको हकमा स्थानीय तहले सम्पत्तीको मूल्यांकन गरी कर नलाग्ने बेहोरा जनाई कर चुक्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

१४. **भूमिकर (मालपोत) :**(१) स्थानीय तहले भूमिको उपयोगको आधारमा वर्गीकरण गरी भूमिकर वा मालपोत लगाउन सक्नेछ । यसरी वर्गिकरण गर्दा राष्ट्रिय वा प्रादेशिक सरकारको नीति वमोजिम भएको बर्गिकरणलाई आधार लिनु पर्नेछ ।

(२) स्थानीय तहले गरेको वर्गिकरणको आधारमा आवासिय, व्यवसायिक तथा औद्योगिक क्षेत्रमा अलग अलग दरले भूमिकर तथा कृषि, वन र अन्य क्षेत्रमा मालपोत लगाउन सक्नेछ ।

(३) भूमिकर वा मालपोतको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुने छ । यसरी दर तोक्दा थोरै जग्गाको स्वामित्व भएकालाई कम दरले र धेरै जग्गा भएकालाई बढी दरले तोक्नु पर्नेछ । भूमिकरको दर मालपोतको दरभन्दा कम्तिमा पनि पाँच गुना बढी हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(४) जग्गा नदीले कटान गरेमा वा बालुबुर्ज भएमा वा पहिरो गएमा त्यस्तो जग्गाको हकमा स्थानीय तहले भुमिकर वा मालपोत मिन्हा दिन सक्नेछ ।

१५. **घरजग्गा बहाल कर :**(१) स्थानीय तहले कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) घरजग्गा वहाल करको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिक बहाल रकम निर्धारण गर्नको लागि स्थानीय तहले स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सो आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

१६. **व्यवसाय कर :**(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्र ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्नकोलागि व्यवसाय दर्ता गरी व्यवसाय इजाजत दिन सक्नेछ ।

(२) व्यवसाय इजाजत दस्तुरको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ । इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) स्थानीय तहको इजाजत विना कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन । यसरी संचालनमा आएका ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ ।

(४) व्यवसाय करको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ । ब्यवसाय करको दर निर्धारण गर्दा आर्थिक कारोवारको आधारमा निर्धारण गर्नु पर्नेछ ।

१७. **जडिबुटी, कवाडी र जिवजन्तु कर :**(१) कुनै ब्यक्ति वा संस्थाले स्थानीय तह क्षेत्रमा जडिबुटी वा कवाडी वा जिवजन्तुको ब्यवसायिक कारोवार गरेमा सम्बन्धित स्थानीय तहले प्रत्येक कारोवारमा कर लगाउन सक्ने छ ।

(२) जडिवुटी, कवाडी र जिवजन्तु करको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ । यस्तो करको दर कारोवार रकमको निश्चित प्रतिशतका दरले हुनेछ ।

**स्पष्टीकरण:***कारोवार रकम भन्नाले विक्रेताले जारी गरेको विललाई सम्झनु पर्दछ ।*

(३) यस्ता वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थाले स्थानीय तहले तोकेको जडिवुटी, कवाडी र जिवजन्तु कर संकलन गरी मासिक रुपमा स्थानीय तहमा दाखिला गर्नु पर्नेछ ।

(४) यस्ता वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई स्थानीय तहले ब्यवसाय इजाजत दिदा नै कर संकलन गरी मासिक रुपमा स्थानीय तहमा दाखिला गर्नु पर्ने गरी इजाजत दिनु पर्नेछ ।

२८. **सवारी साधन कर :**(१) स्थानीय तहले टाँगा, रिक्सा, अटो रिक्सा र इ रिक्सामा दर्ता गरी बार्षिक रुपमा सवारी साधन कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका सवारी साधनको दर्ता दस्तुर तथा बार्षिक करको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) स्थानीय तहले सवारी साधन दर्ता गरी सवारी नम्वर सहितको सवारी धनिको परिचय खुल्ने गरी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

## परिच्छेद - ४

## स्थानीय तहको शुल्क, दस्तुर तथा महसुल सम्वन्धी विशेष ब्यवस्था

१९. **वहाल विटौरी शुल्क :**(१) स्थानीय तहले आफुले निर्माण, रेखदेख वा संचालन गरेका निम्न सम्पत्तिहरुमा वहाल विटौरी शुल्क लगाउन सक्नेछ ।

(क) आफुले निर्माण गरेका भवन, पसलहरुवाट मासिक रुपमा वहाल,
(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा आफैले अस्थाई प्रकृतिका टहरा, छाप्रा निर्माण गरी वा नगरी पसल वा आवासको लागि उपलब्ध गराएकोमा मासिक बहाल विटौरी शुल्क,
(ग) स्थानीय तहले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसलवाट खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा स्थानीत तहले तोकेको दरमा प्रति पसल प्रतिदिनका दरले बहाल विटौरी शुल्क,
(घ) आफ्नो स्वामित्वको भवन वा जग्गा वा सार्वजनिक स्थल केही समय वा दिनकोलागि प्रयोग गर्न दिए वापत स्थानीत तहले तोकेको दरमा वहाल विटौरी शुल्क,

(२) उपदफा (१) को (क) बमोजिम बहालका लागि स्थानीय तहले न्यूनतम दर निर्धारण गरी दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा एक पटककालागि बढीमा ३ वर्षको लागि दिन सक्नेछ ।

(३) उपदफा (१) को (ख) बमोजिम बहाल विटौरी शुल्ककालागि स्थानीय तहले तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा बढीमा ३ वर्षको लागि दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम वहाल वा बहाल विटौरीमा दिंदा सर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

२०. **पार्किङ्ग शुल्क :**(१) स्थानीय तहले आफुले निर्माण गरेको सवारी पार्किङ्गस्थल वा सडकको छेउमा सेवा दिए वापत पार्किङ्ग शुल्क लगाई असुल गर्न सक्नेछ ।

(२) पार्किङ्ग शुल्कको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) स्थानीय तहले तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्गमा रोक लगाउन सक्नेछ । तर, राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र सवारी पार्किङ्ग गराउन पाइने छैन ।

(३) स्थानीय तहले सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्नेछ ।

२१. **सेवा शुल्क :**(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्रका प्राकृतिक तथा सार्वजनिक सम्पत्ति प्रयोग गरी संचालनमा रहेका ब्यवसाय तथा आफुले निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क लगाई असुल गर्न सक्नेछ ।

**स्पष्टीकरण:***आफुले निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवा भन्नाले स्थानीय तहले उपलब्ध गराएका स्वास्थ्य, शिक्षा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सिंचाई, पानी निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, वसपार्क, पुल आदि सम्झनु पर्दछ ।*

(२) सेवा शुल्कको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

२२. **निकासी शुल्क :**(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(२) निकासी शुल्कको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

२३. **विक्री :**(१) स्थानीय तहले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन भई विक्री हुने ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक एवं खानीजन्य वस्तुहरु विक्री गर्न सक्नेछ ।

(२) स्थानीय तहले आफ्नो प्रयोगमा नआउने गरेका वस्तु, उपकरण तथा सामानहरु विक्री गर्न सक्नेछ ।

(३) स्थानीय तहले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु छपाई गरी वा सामाग्री खरिद गरी विक्री गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिमका वस्तुहरु विक्रीको लागि विक्री परिमाण तथा न्यूनतम दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट विक्री गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमका वस्तुहरु विक्री दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

२४. **दस्तुर :** (१) स्थानीय तहले उपलब्ध गराउने प्रशासनिक सेवा वापत दस्तुर निर्धारण गरी आफै वा वडा कार्यालय मार्फत असुल गर्न सक्नेछ ।

**स्पष्टीकरण:***प्रशासनिक सेवा भन्नाले सिफारिश, प्रमाणित, सर्जमिन, दर्ता, नापजाँच, कानूनी जस्ता स्थानीय तहका प्रतिनिधि तथा कर्मचारीहरुले उपलब्ध गराएको सेवा सम्झनु पर्दछ ।*

(२) प्रशासनिक सेवा दस्तुरको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) वडा कार्यालय मार्फत असुल हुने दस्तुर कम्तिमा ७ दिनभित्र स्थानीय तहको कोषमा जम्मा गराउनु पर्नेछ ।

२५. **महसुल :** (१) स्थानीय तहले सरसफाई, खानेपानी, ढल, विद्युत जस्ता सेवाहरु उपलब्ध गराए वापत महसुल निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

(२) महसुलको दर स्थानीय तहको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) समयमै महसुल भुक्तानी नगर्ने करदातालाई स्थानीय तहले उपलब्ध गराईएको सेवा वन्द गर्न सकिनेछ ।

## परिच्छेद-५

## स्थानीय तहको आन्तरिक आय संकलन सम्बन्धी थप व्यवस्था

२६. **स्थानीय तहले आय ठेक्का बन्दोवस्त गर्न सक्ने :** (१) स्थानीय तहको सभाले निर्णय गरे अनुसार दफा २२ बमोजिमको पार्किङ्ग शुल्क, दफा २३ वमोजिमको सेवा शुल्क असूली तथा दफा २५ को उपदाफा (१) बमोजिमको विक्रीको लागि एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर, स्थानीय निकायको आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) स्थानीय तहले आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र गर्नु पर्नेछ ।

(३) स्थानीय तहले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

२७. **पट्टा दिने र कबुलियत गराउने :**(१) दफा २८ बमोजिम आन्तरिक आय उठाउने ठेक्का स्वीकृत भैसकेपछि आय ठेक्काको संझौता गरी पट्टा वा चलन पूर्जी दिनु पर्नेछ ।

(२) ठेक्का संझौता गर्दा ठेकदारसंग आवश्यक धरौटी लिनु पर्दछ ।

२८. **ठेक्का तोड्ने :**(१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप हुने गरी काम गरेको अवस्थामा वाहेक ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न पाइने छैन ।

(२) स्थानीय तहले ठेक्का संझौता गर्दा ठेक्का तोड्न सकिने अवस्था तथा सो अवधिसम्मको हरहिसाब गर्ने ब्यवस्था समेत स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(३) कुनै ठेकेदारले स्थानीय तहले तोकेको दरभन्दा बढी दरमा आय असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका वस्तु वा सेवामा सेवा शुल्क वा दस्तुर असूल गरेमा ठेकदारले असुल गरेको बढी रकम सम्बन्धित व्यक्तिलाई स्थानीय तहले दुई दिनभित्र फिर्ता दिई ठेकदारलाई जानकारी दिनु पर्नेछ । स्थानीय तहले यसरी दिएको फिर्ता रकम तथा त्यसको जरीवाना सम्वन्धित ठेकदारवाट स्थानीय तहमा फिर्ता दाखिला गराउनु पर्नेछ ।

२९. **राजस्व संकलनमा सार्वजनिक निजी साझेदारी :**(१) स्थानीय तहले निजी क्षेत्रको समेत पुँजिगत लगानी भई दुबै पक्षले नाफा कमाउने तथा जोखिम बेहोर्ने गरी सार्बनिक निजी क्षेत्र साझेदारीवाट सेवा प्रदान गर्न सक्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी व्यवस्था अन्तर्गत दीर्घकालिन सम्पत्ति सिर्जना नगर्ने गरी गरिने व्यवस्थापन करारको अवधि तीन बर्षदेखि सात बर्ष र दीर्घकालिन सम्पत्ति सिर्जना गरी गरिने निर्माण सञ्चालन हस्तान्तरण करारको अवधि वीस बर्ष भन्दा बढी हुनेछैन ।

(३) स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कार्य गराउँदा इच्छिुक सबैले प्रतिस्पर्धा गर्न सक्ने गरी प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

(४) सार्वजनिक निजी साझेदारी संझौता बमोजिम निर्माण हुने सम्पत्तिको स्वामित्व करार अवधि समाप्त भएपछि स्थानीय तहको हुनेछ ।

३०. **सम्पत्ति भाडामा दिने :**(१) स्थानीय तहले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति भाडामा लगाई आय आर्जन गर्न सक्नेछ ।

(२) स्थानीय तहले आफ्नो हकभोगमा रहेको सम्पत्ति कसैलाई निजी वा व्यवसायीक प्रयोगको लागि सित्तैमा दिन पाइने छैन । एक बर्षभन्दा बढी अवधिको लागि सम्पत्ति भाडामा दिंदा प्रतिस्प्रर्धात्मक पद्धति अवलम्वन गरी संझौता गरी भाडामा दिनु पर्नेछ र संझौतामा बार्षिक भाडा बृद्धिको प्रावधान समेत राख्नु पर्नेछ ।

३१. **बक्यौता रकम असूली सम्बन्धी व्यवस्था :**(१) स्थानीय तहले विभिन्न कारणबाट असूल हुन नसकी बाँकी रहेका पुराना बक्यौताहरु विषेश प्रावधान गरी असूल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिममा विषेश व्यवस्थामा जरिवानाको केही अंस छुट दिने, असुलीमा सहयोग गर्ने अन्य संस्था वा निकायलाई असूलीको निश्चित प्रतिशत पुरस्कार स्वरुप अनुदान दिने जस्ता व्यवस्था गर्न सक्नेछ ।

**परिच्छेद-६**

**विविध**

३२. **राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग :**यस ऐनमा अन्यत्र जेसुकै व्यवस्था भए तापनि स्थानीय तहले राजस्व प्रशासन सम्वन्धी अभिलेख राख्न तथा राजस्व संकलन गर्न सूचना प्रविधिलाई प्रयोगमा ल्याउन सक्नेछ ।

तर, स्थानीय निकायले प्रयोगमा ल्याउने राजस्व सम्वन्धी सूचना प्रविधि सम्वन्धी सफ्वयरहरु प्राविधिक रुपमा ठीक छ भनि सम्वन्धित सरकारी निकायवाट प्रमाणित भएको हुनु पर्नेछ ।

३३. **अन्य निकायले सहयोग गर्नुपर्ने :**स्थानीय तहको राजस्व संकलनको लागि संघीय तथा प्रदेश सरकारका जुनसुकै कार्यालयहरुले स्थानीय तहको अनुरोध अनुसार राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

३४. **सार्वजनिक सम्पत्तिको उपयोग गर्न सकिने :**स्थानीय तहले आफ्नो हकभोग वा रेखदेखमा रहेको सार्वजनिक सम्पत्तीको परिचालन गरी आय आर्जन गर्न सक्नेछ ।

तर, स्थानीय तहले यस्ता सम्पत्तीहरु फेरबदल गर्ने, नष्ट गर्ने, हकभोग छाड्ने जस्तो कार्य गर्न पाउने छैन ।

३५. **प्रगतिशिल कर प्रणाली अबलम्बन गर्ने :**स्थानीय तहले कर तथा शुल्कको दर निर्धारण गर्दा अति विपन्न वर्गलाई कम बोझ पर्ने गरी कर तथा शुल्कको दर निर्धारण गर्ने प्रगतिशील कर प्रणाली अबलम्बन गर्नु पर्नेछ ।

३६. **मुद्राको समय अनुसारको मूल्य समायोजन :**स्थानीय तहले सकेसम्म मुद्रास्फति दरलाई आधार लिई कर, शुल्क र दस्तुरको दरलाई समय सापेक्ष रुपमा बढाउदै लैजानु पर्नेछ ।

३७. **सेवा शुल्कको दर निर्धारण :**स्थानीय तहले स्थानीय स्तरमा हुने आर्थिक करोवार विस्थापित हुने गरी वा आर्थिक कारोवारमा नकारात्मक प्रभाव पर्ने गरी सेवा शुल्क वा दस्तुरको दर निर्धारण गर्ने छैन ।

३८. **विनियम वा कार्यविधि बनाउन सक्ने :**(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि स्थानीय तहले आवश्यक कार्यविधि वा विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा विनियम सम्वन्धित स्थानीय तहको कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

३९. **प्रदेश र स्थानीय तहको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण संकलन र बाँडफाँड :**(१) स्थानीय तह र प्रदेशसंगदोहोरो अधिकार क्षेत्रमा समावेश भएका राजश्वका क्षेत्रहरुको कर निर्धारण र संकलनकोलागि प्रदेश सरकारले दिएको अधिकार क्षेत्र भित्र रही स्थानीय तहले आवश्यक विनियम वा कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको विनियम वा कार्यविधिको एक प्रति स्वीकृत भएको ३० दिनभित्र सम्बन्धित प्रदेश सरकारमा उपलब्ध गराउनु पर्नेछ ।

४०. **प्रचलित कानुन बमोजिम हुने :**यस ऐनमा उल्लेख गरिएका बिषयमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**अनुसूची ४ : अन्तिम कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण**

## राजस्व सुधार कार्ययोजना
## मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यशाला
## २ पौष २०७४

**कार्यक्रम तालिका**

| समयावधि | क्रियाकलाप |
|---|---|
| २० मिनेट | कार्यक्रम शुभारम्भ |
| १० मिनेट | राजश्व सुधार कार्य योजनाको उद्देश्य र कार्यक्रमको जानकारी |
| ३० मिनेट | मस्यौदा प्रतिवेदन प्रस्तुती (पहिलो भाग)<br>- *आयका मुख्य स्रोतहरुको वर्तमान अवस्थाको विश्लेषण*<br>- *राजश्व सुधार योजनाको मस्यौदा* |
| ३० मिनेट | राजश्व सुधार योजनाको मस्यौदा माथि सुझाव संकलन |
| ३० मिनेट | मस्यौदा प्रतिवेदन प्रस्तुती (दोस्रो भाग)<br>- *विगतको आयको आवस्था तथा राजश्व सुधार योजनाको आधारमा आगामी ३ बर्षको राजश्व प्रक्षेपण* |
| ३० मिनेट | राजश्व प्रक्षेपण माथि सुझाव संकलन |
| २० मिनेट | कार्यक्रम समापन |

## उपस्थिति विवरण

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | बेद नारायण गच्छदार | नगर प्रमुख |
| २ | सुनिता दाहाल (साह) | नगर उप प्रमुख |
| ३ | अर्जुन प्रसाद निरौला | प्रमुख पशासकिय अधिकृत |
| ४ | मोहम्मद अजुल हुसैन | अध्यक्ष, वडा नं. १ |
| ५ | अरविन्द विश्वास | अध्यक्ष, वडा नं. २ |
| ६ | राजन कुमार बस्नेत | अध्यक्ष, वडा नं. ४ |
| ७ | रमेश कुमार रौनियार | अध्यक्ष, वडा नं. ५ |
| ८ | मुन्ना हलुवाई | अध्यक्ष, वडा नं. ६ |
| ९ | विजय कु. चौधरी | अध्यक्ष, वडा नं. ७ |
| १० | तारिक चन्द सरदार | अध्यक्ष, वडा नं. ८ |
| ११ | छेदी लाल चौधरी | अध्यक्ष, वडा नं. ९ |
| १२ | लघु राम माझी | अध्यक्ष, वडा नं. १० |
| १३ | शंकर लाल खाँ थारु | अध्यक्ष, वडा नं. ११ |
| १४ | खुशी लाल चौधरी | अध्यक्ष, वडा नं. १२ |
| १५ | कैलाश कु. चौहान | लेखा अधिकृत |
| १६ | हेम नारायण माझी | ईन्जिनियर |
| १७ | राम कुमार यादव | ईन्जिनियर |
| १८ | शिव नारायण चौधरी | खरिदार |
| १९ | उचीत नारायण साहु | सह संयोजक, स्वास्थ्य |
| २० | परशुराम माझी | स.ले.प. |
| २१ | विनिता राजभण्डारी | कम्प्युटर अपरेटर |
| २२ | कुमारी सुन्दास | कार्यालय सहायक |
| २३ | गुरु प्रसाद सुवेदी | सहजकर्ता |
| २४ | दामोदर गिरी | सहजकर्ता |

## अनुसूची ५ : कार्यशाला संचालनका केही झलकहरु













स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा
प्रारम्भिक कार्यशाला




व्यवसाय प्रमाण-पत्र

